भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६

किटनाशक औषधिको प्रयोग र त्यसको असरसम्बन्धी अभिमुखीकरण कार्यक्रम

कार्यक्रम
मिति : २०८२/१२/१५ गते, मङ्गलबार
समय : बिहान ७:३० बजे
स्थान : भक्तपुर साकोस, सभाहल

आयोजक : कृषि उपसमिति

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३४० ★ ने. सं. ११४६ पोहेला थ्व, अष्टमी/नवमी ★ आइतबार ★ १३ पुस, २०८२ ★ December 28, 2025, Sunday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## देशको विकास र प्रगतिका लागि नि:स्वार्थपूर्वक काम गर्नुपर्छ




भक्तपुर, १२ पुस । "नयाँ पुस्ताले सबैभन्दा पहिले आफ्नो देशलाई चिन्नुपर्छ अनि संसारका घट्नाक्रमको विश्लेषण गर्ने र त्यसपछि देशको विकास र प्रगतिका लागि नि:स्वार्थपूर्वक काम गर्नुपर्छ । यसलाई मन्त्रजस्तै मानेर अध्ययन गरी राजनैतिक-सामाजिक गतिविधिमा सक्रियतापूर्वक लाग्नुपर्छ ।"

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले शनिबार आयोजित एक समारोहमा नयाँ पुस्तालाई उत्साहित गर्दै उपर्युक्त भनाइ राख्नुभएको हो । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुर नगरपालिका ९ नं. वडा समितिको आयोजनामा सम्पन्न प्रवीणता प्रमाणपत्र तहदेखि एमफिल-विद्यावारिधिसम्म उत्तीर्ण विद्यार्थीलाई बधाई ज्ञापन तथा सांस्कृतिक कार्यक्रममा सम्बोधन गर्दै अतिथि सुवालले देश र जनताको निम्ति गरिने राजनीति सजिलो नभएको बताउनुभयो ।

शासक दलहरूले राजनीतिको नाममा भ्रष्टाचार, नातावाद, गुण्डागर्दी र भागबन्डा गर्दै देशलाई बर्बादीतर्फ धकेलिरहेको विरोधमा युवा पुस्ताले विद्रोह त गरे तर सही राजनैतिक दर्शन र सबल नेतृत्वको अभावमा देश थप सङ्कटमा पुगेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "भदौ २३ र २४ गतेको हिंसात्मक आन्दोलन संरा अमेरिकी आर्थिक संस्थाहरू 'एनइडी' र 'आइआरआइ' बाट प्रत्यक्ष निर्देशित र प्रायोजित भएको प्रमाणसहितका लेखहरू प्रकाशित भइरहेका छन् ।"

समसामयिक राजनैतिक अवस्थाको विषयमा जानकारी दिँदै पार्टी सचिव सुवालले फागुन २१ गतेको चुनाव अझै अन्योलपूर्ण रहेको अवस्थामा आगामी प्रधानमन्त्री को बन्ने भन्ने छलफल हुनु सही नभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रधानमन्त्री को बन्ने भन्दा पनि देश र जनताको सेवामा के के नीति तथा कार्यक्रम ल्याउने भन्ने छलफलमा केन्द्रित हुनुपर्ने हो ।"

शासकहरू युवाहरूलाई स्वदेशमै रोजगारी सृजना गरी देशको प्रगतिको बाटो कोर्ने दिशातर्फ उन्मुख हुनुको साटो पासपोर्ट छाप्ने र युवाहरूलाई विदेश निर्यात गर्नेतिर लागेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "देशको वैदेशिक ऋण २८ खर्ब पुग्यो र प्रत्येक नेपालीको टाउकोमा झण्डै एक लाख ऋणको भार छ । सरकार भने ऋण तिर्न पनि विदेशी ऋण लिँदै छ । शासक दलहरूकै कारण हामीले दुर्भाग्य भोग्नुपरेको हो ।"

सचिव सुवालले वैदेशिक ऋण लिएर देशको आर्थिक प्रगति गरेको उदाहरण विश्वमा कहीँ पनि नभएको प्रस्ट पार्दै नयाँ पुस्तालाई देश र समाजप्रति उत्तरदायी बनी आफ्नो अध्ययन र सीपलाई समाजकै प्रगतिमा लगाउन सुझाव दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले चिनियाँ क्रान्तिका महान् गुरु माओ त्सेतुङको जन्मदिवसको सन्दर्भ जोड्दै

बाँकी पृष्ठ ८ मा

## सन्तानलाई ठुलो मानिसभन्दा असल मानिस बन्न प्रेरित गर्नुपर्ने




भक्तपुर, १२ पुस । बाल विकास सेकेन्डरी स्कूल, लिबाली, भक्तपुरको ३८ औं स्थापना दिवसको अवसरमा ३८ औं वार्षिकोत्सव तथा किन्डरगार्टन सांस्कृतिक कार्यक्रम शनिबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा अतिथि प्रजापतिले आफ्ना सन्तानलाई ठुलो मानिसभन्दा असल मानिस बन्न प्रेरित गर्नुपर्ने धारणा राख्नुभयो ।

जसरी पनि पैसा कमाउनुपर्छ भन्ने आमाबुबा र परिवारको सोचले गर्दा देशमा भ्रष्टाचार बढेको तथा समाजमा विभिन्न खालका विकृति बढेको बताउँदै नगर प्रमुख प्रजापतिले पैसा कमाउनको लागि पढ्ने भए त डाक्टर, इन्जिनियर आदि पढाउन लाग्ने पैसा बैङ्कमा राख्यो भने त्योभन्दा बढी ब्याज नै आउँछ भन्दै आफ्ना सन्तानलाई असल, सुसंस्कृत र सदाचारी बन्न प्रेरित गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

अभिभावकले सन्तानका लागि पैसा कमाइदिने भन्दा पनि उसलाई असल संस्कारयुक्त बनाउनुपर्छ भन्दै उहाँले आफ्ना सन्तानले के पढे कति पढेभन्दा पनि समाज र देशका लागि के-कति योगदान गरे भन्ने कुरामा सचेत हुन अभिभावकलाई आग्रह गर्नुभयो । उहाँले सङ्गतले मानिसको सोचाइ, व्यवहार गराइ र समग्र व्यक्तित्वमा गहिरो प्रभाव पार्ने भएकोले आफ्ना सन्तानको सङ्गत कस्तो छ ? त्यसमा विशेष ध्यान पुऱ्याउनुपर्छ भन्नुभयो ।

आफ्ना सन्तानलाई आफ्नो परम्परागत भाषा, कला, सीप, प्रविधि, संस्कार, संस्कृति सिकाउनुपर्ने कुरामा जोड दिँदै उहाँले भक्तपुर नगरपालिकाले विद्यार्थीलाई यहाँका कला, सभ्यता, संस्कृति आदि सिकाउन स्थानीय पाठ्यक्रम निर्माण गरेर विद्यालय तहमा लागू गरेको बताउनुभयो । उहाँले भक्तपुरका विद्यालय र विभिन्न कलेजहरूको नतिजा देशभरमै उत्कृष्ट रहेको उदाहरण प्रस्तुत गर्दै यो हुनमा भक्तपुरका जनताको इमान्दार प्रयासको प्रतिफल हो ।

उहाँले भक्तपुर नपाले देशैभरका विद्यार्थीलाई गुणस्तरीय र संस्कारयुक्त शिक्षा दिन विभिन्न विद्यालय र कलेज सञ्चालन गरेको बताउँदै अहिले भक्तपुर शिक्षा, स्वास्थ्य तथा कला संस्कृतिको केन्द्र बन्दै गएको धारणा राख्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल तथा बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले आफ्ना नानीबाबुहरू विद्यालय वा कलेजको परीक्षामा मात्र नभई जीवनका हरेक परीक्षामा कसरी सफल हुन सक्छन् भन्नेतर्फ अभिभावक सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले पढाइमा मात्र नभई सोचाइ, व्यवहार, सदाचार र शिष्टतामा

बाँकी पृष्ठ ८ मा

## माओ जयन्तीको अवसरमा दैलेखमा भेटघाट कार्यक्रम

दैलेख, १२ पुस । नेमकिपाका आठविस नगर समिति तथा पार्टी वडा नं ९ एकाइ समितिको आयोजनामा वडा नं ९ को थलाडाँडामा चिनियाँ कम्युनिस्ट पार्टीका महान् गुरू माओ त्सेतुङको १३२ औं जन्मजयन्तीको अवसरमा पार्टी कार्यकर्ताबिच शनिबार छलफल कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य बखतबहादुर थापाले चिनियाँ क्रान्तिको समयमा माओको क्रान्तिकारी विचारका कारण चीन आर्थिक र सामाजिक हिसाबले अगाडि बढेको बताउनुभयो ।

"सानै उमेरबाट माओ तीक्ष्ण बुद्धिको हुनुहुन्थ्यो । चीनमा गरिबी र असमानता थियो । विदेशी आक्रमण मात्र होइन गृहयुद्धले गर्दा चीनको आर्थिक, सामाजिक, भौतिक अभावले देश थिलथिलो भएको थियो । कोमिङताङ प्रतिक्रियावादी र



जापानी साम्राज्यवादीका कारण चीनमा अत्याचार विद्यमान थियो । यद्यपि, माओ त्सेतुङले व्यक्तिगत स्वार्थ र समस्याको पर्वाह नगरी चिनियाँ बहुमत जनतालाई एकजुट गरी उहाँको नेतृत्वमा क्रान्ति भयो । विश्वले स्वीकारेको एक नेता र विचारक बन्न सफल हुनुभयो ।" उहाँको भनाइ थियो ।

मार्क्स, लेनिन, स्तालिन, माओ त्सेतुङजस्ता विश्व सर्वहारावर्गका व्यक्तित्व र दार्शनिकहरूको जन्मजयन्ती मनाउनु र स्मरण गरिरहनुको उद्देश्य मानिसहरू अझ बढी सभ्य, परिष्कृत र मानव भएर अन्याय, अत्याचार, शोषण, दमन र स्वार्थबाट मुक्त गर्न र असल र आदर्श समाज निर्माण गर्ने रहेको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी आठबिस नगर समितिका अध्यक्ष जयबहादुर सिजापतिले चिनियाँ क्रान्तिको बेला माओले गरेको योगदानबारे चर्चा गर्दै गरीब र बहुमत जनताको हितको लागि विभिन्न देशले उहाँको विचारलाई अनुशरण गरेको बताउनुभयो । माओको सिद्धान्तलाई नेपालको हावापानी, माटो र वातावरण अनुकूल समाजवादी व्यवस्था स्थापनार्थ डटेर लाग्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेमकिपाका आठविस नगरपालिका वडा नं ७ नेमकिपा एकाइ समितिका अध्यक्ष रणबहादुर कठायत, वडा नं ८ वडा अध्यक्ष नरबहादुर सिजापति, नेक्राशिसङ्घ दैलेख जिल्ला समिति सल्लाहकार सदस्य दलबहादुर सिजापति, नेक्राशिसङ्घ आठबिस नगर समितिका अध्यक्ष लोमनकुमार बडुवाललगायतका वक्ताहरूले माओको योगदानबारे आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

वडा नं ९ नेमकिपा एकाइ समितिका अध्यक्ष नवीन सिजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा समितिका सदस्य कटक बडुवाल र कलमबहादुर सिजापतिले पनि बोल्नुभएको थियो ।

भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

❖मौलिक संस्कृतिको रक्षा गरौं।
❖राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
❖मातृभाषाको सम्मान गरौं।
❖परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
❖महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
❖सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
❖सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
❖आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सहकारी संस्थाले सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्नेमा जोड




भक्तपुर, १२ पुस । थालाछें बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको १९ औं स्थापना दिवस खुला चित्रकला प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा शनिबार महालक्ष्मीस्थानमा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले हजारौँ शब्दलाई एक चित्रले प्रतिनिधित्व गर्ने उल्लेख गर्दै कलाकारहरूले कोरिएका चित्रहरू नै त्यस समयको परिस्थिति चित्रण गर्ने ऐतिहासिक दस्ताबेज भएको हुँदा चित्र आफैमा एक सम्पदा, इतिहास, साहित्य हो भन्नुभयो ।

सहकारी सङ्घ संस्थाले सदस्यहरूलाई आर्थिक कारोबारसँगै सीपमूलक तालिमहरू सञ्चालन गर्दै स्वरोजगारी बन्न उत्प्रेरित गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले शिक्षा क्षेत्रको विकासको निम्ति सबै पक्ष लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भनपा १० का अध्यक्ष एवं संस्थाका निवर्तमान अध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले न्यून आयस्तरका स्थानीय बासिन्दाहरूको संयुक्त प्रयासबाट स्थापना भएको सहकारीले स्थानीय आवश्यकतालाई पूर्ति गर्न अग्रसर हुनुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का उपाध्यक्ष जगन्नाथ प्रजापतिले समुदायमा आधारित सहकारीहरूले मात्र समुदायको चासो, आवश्यकताअनुसार कार्य गर्ने बताउनुभयो । देशमा सहकारीसम्बन्धी नयाँ नयाँ नियम, ऐन, कानुन निर्देशनहरू सहकारीलाई मजबुत बनाउनभन्दा पनि सहकारीको अस्तित्वलाई मेट्न ल्याएको उहाँले बताउनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रामकृष्ण साँगाछेँले हालसम्मका गतिविधिहरूबारे प्रस्ट्याउनुभयो । कार्यक्रममा चित्रकलाका निर्णायक बालकृष्ण बनमाला, श्रीया पहिजू र मैँयाकेशरी कोजूले पनि बोल्नुभएको थियो ।

कार्यक्रम शिक्षा उपसमितिका संयोजक राजीव सुवालको सभापतित्वमा सम्पन्न भएको थियो ।

कार्यक्रममा चित्रकला प्रतियोगितामा समूह 'क' बाट प्रथममा एनिभ प्रजापति, द्वितीयमा शुभ सुवाल, तृतीयमा समयोग प्रजापति र सान्त्वनामा एलिना भैल रहेका छन् । समूह 'ख' बाट प्रथममा आलोक कोजू, द्वितीयमा क्यारोलाइन प्रजापति, तृतीयमा स्वर्णीम राजचल र सान्त्वनामा साइरस सुवाल रहेका छन् । त्यसैगरी समूह 'ग' बाट प्रथममा रेहान लोहला, द्वितीयमा इलाइका माक, तृतीयमा पूजा रोकायालाई प्रमाणपत्रसहित प्रमुख अतिथि प्रजापतिले पुरस्कार वितरण गर्नुभयो । स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा सहभागी रक्तदाताहरूलाई प्रशंसापत्र वितरण गरिएको थियो ।

# चाँगु नपाका किसानले सम्झे स्तालिन र माओ




भक्तपुर, १२ पुस । नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका सदस्य तथा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालको प्रमुख आतिथ्यमा विश्व सर्वहारावर्गका महान् गुरू जोसेफ स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्मजयन्तीको उपलक्ष्यमा कार्यकर्ता भेला गरी नेपाल क्रान्तिकारी किसान चाँगु नगर समितिका अध्यक्ष नारायणभक्त न्हेम्हाफुकीको अध्यक्षतामा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि गोविन्द दुवालले स्तालिनले बुद्धिमत्तापूर्वक देश र जनताको हितमा लागेको चर्चा गर्दै समाजवादी भावनाको विकासमा लाग्नुपर्ने प्रस्ट्याउनुभयो ।

माओले देशमा गृहयुद्ध भइरहेको अवस्थामा जापानी सेनाले गरेको आक्रमणविरूद्ध युद्धरत जनसेना र सरकारी सेनाले एकाकार भई युद्ध गरी जापानी सेनालाई परास्त गरेको उहाँले बताउनुभयो ।

मार्क्सवाद, लेनिनवादी नीतिअनुसार चीनमा जनक्रान्ति गरेर देश र जनताको हित गरेको बताउनुभयो ।

उक्त भेलामा नेमकिपा चाँगु नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले देश र जनताको हितमा पार्टीका कार्यकर्ताहरू अहोरात्र खटेर काम गर्नु कम्युनिस्ट कार्यकर्ताको कर्तव्य हो भन्नुभयो ।

कार्यक्रममा समितिका उपाध्यक्ष जी.राम सुवाल, एस.बी. फोजू र टंकप्रसाद कटेलले पनि बोल्नुभएको थियो ।

# जुम्लामा सम्झियो स्तालिन र माओ

जुम्ला, १२ पुस । सिंजा गाउँपालिका वडा नं. १ गमगाडामा विश्व सर्वहारावर्गका नेताहरू स्तालिन र माओको जन्म जयन्ती मनाइयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले स्तालिन र माओले आ–आफ्नो देशमा समाजवादी व्यवस्था स्थापना गर्न र सोको संरक्षणको लागि गर्नुभएको योगदानबारे चर्चा गर्नुभयो ।

रुस र चीनमा मात्र होइन विश्वकै मुलुकमा श्रमजीवी जनताको सेवाको निम्ति उहाँहरूले मार्ग निर्देश गरेको स्पष्ट पार्दै उहाँले समाजवादी देशमा मात्रै श्रमजीवी जनताको काम - मामको व्यवस्था हुने बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य विर्षबहादुर राउत, जिल्ला समिति सदस्य गजेन्द्रबहादुर कार्कीले समाजवादी व्यवस्था स्थापनाको निम्ति आन्तरिक रूपमा देशका बहुमत जनतालाई सङ्गठित र सचेत बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

आयोजक समितिका अध्यक्ष पूर्णबहादुर शाहीको सभापतित्वमा भएको सो कार्यक्रममा सिँजा गाउँपालिका वडा नं ६ का वडाध्यक्ष लालबहादुर बुढाले पनि माओ र स्तालिनको देनबारे चर्चा गर्नुभएको थियो ।

# हाडजोर्नी तथा नसा रोगसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न

भक्तपुर, १२ पुस । भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजना र नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको प्राविधिक सहयोगमा शनिबार हाडजोर्नी तथा नसा रोगसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो ।

शिविरमा १२३ जनाले हाडजोर्नी तथा नसा रोगको नि:शुल्क परीक्षण तथा उपचार सेवा प्राप्त गरेको आयोजकले बताएको छ । बिहान ७:३० बजेबाट सुरु भएको उक्त शिविरमा स्थानीय जनतासँगै त्यस क्षेत्रमा अस्थायी बसोबास गरिरहेका जनताले पनि स्वास्थ्य लाभ पाएका थिए ।




यसअघि शिविरको उद्घाटन समारोहमा वडाध्यक्ष रविन्द्र ज्याख्वले स्वस्थ नागरिकले पनि नियमित रूपमा स्वास्थ्य परीक्षण गर्नुपर्ने चिकित्सकहरूको सुझाव रहेको बताउनुभयो । मानव शरीरभित्र रोगको लक्षण नदेखिन पनि सक्ने र लक्षण देखिएको बेला उपचार गर्न ढिलो भइसकेको हुनसक्नेबारे सचेत रहन आग्रह गर्दै वडाध्यक्ष ज्याख्वले सवारी साधनको नियमित सर्भिसिङ गरेझैँ हाम्रो शरीरको पनि नियमित जाँच गर्दा शरीरलाई स्वस्थ राख्न सकिने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई निरोगी र स्वस्थ बनाउन उपचार सेवालाई प्राथमिकतामा राखेको उल्लेख गर्दै ख्वप अस्पतालमा अत्याधुनिक सेवा विस्तार गर्दै लगेको बताउनुभयो । अस्पतालमा चाँडै नै सिटी स्क्यान सेवा सुरु हुने उहाँको भनाइ थियो ।

ख्वप अस्पतालका हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. श्रीकृष्ण अवालले बाथ रोग, हाड खिइने र नसा च्यापिने रोगको लक्षणहरूबारे जानकारी दिँदै ख्वप अस्पतालका चिकित्सकहरू कुनै पनि बखत बिरामीको सेवा गर्न तत्पर रहेको बताउनुभयो । झारफुक र अन्धविश्वासमा लाग्दा केही बिरामीहरू अकालमै मृत्यु भएको चर्चा गर्दै उहाँले विज्ञान र अनुसन्धानले पुष्टि गरेको उपचार विधिमा मात्र विश्वास गर्न सबैमा अनुरोध गर्नुभयो ।

कार्यपालिका सदस्य छोरीमैया सुजखू (प्रजापति) ले रुघाखोकी र ज्वरोलाई हेलचेक्र्याइँ नगरी समयमै चिकित्सकको सल्लाहमा उपचार गर्न अनुरोध गर्नुभयो । रुघाखोकी र ज्वरो आफैंमा रोग नभई अर्को रोगको लक्षण हुनसक्ने भएकोले अस्पतालमा स्वास्थ्य परीक्षण गर्नुपर्ने उहाँको कथन थियो ।

वडा नर्स अञ्जना सुवाल र महिला स्वास्थ्य स्वयंसेविका मनेश्वरी कोजूले नगरपीलकाले जनताको घरदैलोमा स्वास्थ्य उपचार सेवा पुऱ्याइरहेको विषयमा जानकारी गराउनुभयो । अस्पतालसम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, सुत्केरी तथा दुर्घटनामा परेका बिरामीहरूका लागि घरदैलो नर्सिङ सेवा निकै प्रभावकारी रहेको उहाँहरूले बताउनुभयो ।

# नवीन कृषि सहकारी संस्था लि.को १३ औँ साधारणसभा

भक्तपुर, १२ पुस । नवीन कृषि सहकारी संस्था लि.को १३ औँ वार्षिक साधारणसभा, संस्थाको निवर्तमान अध्यक्ष सत्यबहादुर (विष्णुसुन्दर) देशेमरुको आतिथ्यमा संस्थाको कार्यकक्षमा सम्पन्न गरियो ।

कार्यक्रममा निवर्तमान अध्यक्ष देशेमरुले संस्थाले साल्ट्र ट्रेडिङ कर्पोरेसन लि. र कृषि सामग्री कम्पनी लि.मा डिलरसिप लिएर अनुदानमा आउने रासायनिक मल कृषक सदस्यहरूलाई बिक्री वितरण गर्दै आइरहेको कामलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । संस्थाका प्रतिनिधिहरू सबै सक्रिय र एकजुट भए संस्थाको विकास हुने विचार व्यक्त गर्दै उहाँले केही सहकारीहरूमा देखेको समस्याको कारण सबै सहकारीलाई एउटै रूपमा हेर्न नहुने बताउनुभयो ।

संस्थाका सचिव शोभा लघु, कोषाध्यक्ष लक्ष्मीश्वरी बासी र लेखा सुपरिवेक्षण समिति संयोजक रामकाजी शिल्पकारले आ–आफ्नो प्रतिवेदन वाचन गर्नुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष रोहित गोर्खालीले कृषिलाई व्यवसायिक रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कृषि विकास भए सिङ्गो देशकै अर्थतन्त्र विकास हुनेमा उहाँले जोड दिनुभयो । संस्थाले कुरिलो, गोलभैँडा आदि तरकारी खेती गर्दै आइरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्षले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# लोकेश्वर साकोसमा अन्तरसदस्यीय प्रतियोगिताहरू सम्पन्न

भक्तपुर, १२ पुस । लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को २१ औँ स्थापना दिवसको अवसरमा युवा तथा अतिरिक्त क्रियाकलाप उपसमितिको आयोजनामा अन्तरसदस्यीय कसिमला पाँय्, बाल सदस्यहरूको Individual Multiple Game र महिला सदस्यहरूको डोरी तान्ने प्रतियोगिता सम्पन्न भएको छ ।

कार्यक्रममा संस्थाका अध्यक्ष राजन जतिले युवाहरू खेलकुदका साथसाथै शिक्षामा आबद्ध गराउन सके सभ्य समाजको निर्माण हुने विचार व्यक्त गर्नुभयो । स्वस्थ रहन हामी कुनै न कुनै खेलमा आबद्ध हुनुपर्ने बताउँदै उहाँले सहकारी संस्थाहरूले सदस्यहरूलाई वित्तीय कारोबारसँगै अध्ययन भ्रमण, स्वास्थ्य शिविर, सामाजिक तथा अतिरिक्त क्रियाकलापहरूमा सक्रियता बढाउन आवश्यक रहेको बताउनुभयो ।

युवा तथा अतिरिक्त क्रियाकलाप उपसमितिका संयोजक राजु छुकांको सभापतित्वमा भएको उक्त कार्यक्रममा सदस्य इन्द्रभक्त पञ्चले प्रतियोगिताको महत्त्वबारे स्पष्ट पार्नुभयो ।

बाल सदस्यहरूबिच भएको Individual Multiple Game अन्तर्गत कक्षा १ देखि ६ कक्षासम्मको समूहमा रुपिका गोरा, काव्या पञ्च र रेज जतीले क्रमश: पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल भएका छन् भने कक्षा ७ देखि ९ कक्षासम्मको समूहमा कृष्टल गारु, राजन कर्माचार्य र प्रिन्सा पक्काले क्रमश: पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल भएका छन् ।

त्यस्तै संस्थाका महिला सदस्यहरूबिच भएको डोरी तान्ने प्रतियोगितामा रमा मातांको टीम प्रथम स्थान र कल्पना घ्योपालाको टीम दोश्रो हुन सफल भएका छन् । पुरुष सदस्यहरूबिच भएको कसिमला पाँय् प्रतियोगितामा आशकाजी मानन्धर प्रथम, पुण्यराम स्वंगमिखा दोस्रो र राजन जति तथा आशराम लागे संयुक्त रूपमा तेस्रो स्थान हासिल गर्न सफल भएका छन् । प्रतियोगितामा विजयता हुन सफल खेलाडीहरूलाई संस्थाको यही पुस १९ गते, शनिबार हुने २१ औँ स्थापना दिवस कार्यक्रममा पुरस्कार तथा प्रमाण-पत्र वितरण गर्ने आयोजक उपसमितिका सदस्य कल्पना घ्योपालाले जानकारी दिनुभयो ।

उक्त दिन संस्थाबाट खुला रक्तदान कार्यक्रम, ज्येष्ठ सदस्यहरूको सम्मान तथा दस जोड दुई उत्तीर्ण विद्यार्थीहरूको सम्मान कार्यक्रम गरी स्थापना दिवसको कार्यक्रम सम्पन्न गर्ने जानकारी प्रबन्धक प्रशान्त मानन्धरले बताउनुभयो ।

# ख्वप बचतको १८ औँ वार्षिक साधारणसभा सम्पन्न



भक्तपुर, १२ पुस । ख्वप बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको १८ औँ वार्षिक साधारणसभा ब्यासीमा शनिबार सम्पन्न भयो ।

सभाको उद्घाटन संस्थाका संस्थापक अध्यक्ष कुमार लघुले गर्नुभयो । कार्यक्रममा अतिथि कुमार लघुले संस्था स्थापनाबारे चर्चा गर्दै सहकारीले समाज परिवर्तनका लागि कार्य गर्दै सहकारीमा आएको विकृति विसङ्गतिबाट टाढा रहनुपर्ने बताउनुभयो ।

संस्थाका उपाध्यक्ष तथा भक्तपुर नगरपालिका वडा नं. २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले सहकारी संस्थाले शेयर सदस्यहरूको माग र आवश्यकताअनुसार कार्यक्रम आयोजना गर्नुपर्ने बताउँदै उत्पादनमूलक कार्यमा लगानी गरी सदस्यहरूलाई रोजगारी दिनुपर्ने बताउनुभयो ।

उहाँले सहकारी संस्थाबाट भक्तपुर नगरपालिकालाई प्राप्त सामुदायिक विकास कोषबाट अक्सिजन प्लान्ट निर्माण गरी अक्सिजन र रगत नि:शुल्क वितरण गरिरहेको बताउनुभयो । उहाँले बचत फिर्ता नगरेका सहकारीको सञ्चालकको सम्पत्ति बेचेर बचत फिर्ता गर्ने ऐन ल्याएमा बचतकर्ताहरूले राहत पाउनेछन् भन्नुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का सञ्चालक समिति उपाध्यक्ष जगन्नाथ प्रजापतिले नेपालमा २०४८ देखि २०६४ सालमा सहकारी आन्दोलनको विकास भएको उल्लेख गर्दै पैसा लिएर भागेका सहकारी संस्थाका मान्छेहरू एमाले, काङ्ग्रेस र माओवादी पार्टीको रहेको बताउनुभयो । समुदायमा आधारित संस्थाहरूले समुदायको हितको निम्ति कार्य गरेकाले प्राधिकरणले सहकारीको नियमन गर्न खोजेको बताउनुभयो ।

समाजसेवी तथा नेमकिपा २ वडा ब्यासी समितिका इन्चार्ज गणेशप्रसाद सुवालले माओ र स्तालिनले आफ्नो देशलाई विदेशी आक्रमणबाट बचाएको र कामदार वर्गको राज्य समाजवाद स्थापना गरेकोले उहाँहरूको जन्म दिवस मनाउनु आवश्यक छ भन्नुभयो ।

सभापतिको आसनबाट ख्वप बचत तथा ऋण सहकारी संस्था लि.का सञ्चालक समिति अध्यक्ष राजकुमार लघुले प्राधिकरणलगायत अन्य निकायले जारी गरेको निर्देशनले सहकारी सङ्घ संस्थाको कारोबार कमजोर बनाउने काम गरेको बताउनुभयो ।

संस्थाका सचिव अमर बासुकलाले आव २०८१।०८२ को प्रगति प्रतिवेदन र आव २०८२।०८३ को भावि नीति तथा कार्यक्रम र महत्त्वपूर्ण प्रस्ताव प्रस्तुत गर्नुभयो । संस्थाका कोषाध्यक्ष लक्ष्मीनारायण सुवालले आव २०८१।०८२ को आर्थिक प्रतिवेदन र आव २०८२/०८३ को अनुमानित आय/व्यय प्रस्तुत गर्नुभयो । लेखा समिति संयोजक लक्ष्मीदास बासुकलाले आव २०८१।०८२ को लेखा समिति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत प्रतिवेदनहरू सर्वसमितिले पारित गरेको थियो । कार्यक्रममा ७० वर्ष पुगेका १९ जना ज्येष्ठ नागरिकलाई प्रमुख अतिथिले दोसला ओढाएर सम्मान गर्नुभएको थियो । कार्यक्रममा शेयर सदस्य राजाराम सुवाल र विकास ब्यान्जुले पनि बोल्नुभएको थियो ।

ख्वप साकोसका अध्यक्ष राजकुमार लघुले असल बचतकर्ता बिना सुलु, असल ऋणकर्ता प्रमोद त्वानाबासु, डल्ला साबुनका प्रशिक्षक सुलोचना सुवाल र दही बनाउने तालिमका प्रशिक्षक कमला बज्राचार्यलाई प्रमाण-पत्र र मायाको चिनो दिई सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा अतिथि गणेशप्रसाद सुवालले एसईई उत्तीर्ण १२ जना शेयर सदस्यका छोराछोरीलाई प्रमाणपत्र र मायाको चिनो दिएर सम्मान गर्नुभयो । कार्यक्रममा विकास ब्यान्जु र राजाराम सुवालले पनि बोल्नुभएको थियो ।

# भनपा १ मा पाठेघरको मुखको क्यान्सर र स्तन परीक्षणसम्बन्धी स्वास्थ्य शिविर

भक्तपुर, १२ पुस । भक्तपुर नगरपालिका १ वडा कार्यालयको आयोजनामा पाठेघरको मुखको क्यान्सर र स्तन परीक्षणसम्बन्धी स्वास्थ्य शिविर शनिबार सम्पन्न भएको छ ।

शिविरको उद्घाटन समारोहमा भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले सम्पूर्ण नगरवासीलाई आफ्नो स्वास्थ्यप्रति सचेत रहन आग्रह गर्दै भावी पुस्तालाई अनुशासित जीवन जिउन प्रेरित गर्नुपर्ने बताउनुभयो ।

शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकताको निम्ति सरकारले नि:शुल्क सेवाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिँदै उहाँले भक्तपुर नगरपालिकाले समय समयमा स्वास्थ्य शिविर तथा घरदैलो नर्सिङ सेवालगायत विभिन्न कार्यक्रममार्फत जनचेतनामूलक अभियान चलाउँदै आएको बताउनुभयो ।

भनपा १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले नगरपालिकाले गर्दै आएका विभिन्न कार्यक्रममा सहभागी भएर लाभ उठाउन अनुरोध गर्दै वडामा हुँदै आएका विकास निर्माणका कार्यहरूबारे जानकारी दिनुभयो ।

स्थानीय समाजसेवी कृष्णबहादुर दुगुजुले नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्रबमोजिम यहाँका जनप्रतिनिधिहरूले नि:स्वार्थ भावले काम गरेको कारण शिक्षा,स्वास्थ्य र संस्कृतिलगायतका क्षेत्रमा भक्तपुर नगरपालिका अब्बल रहेको औँल्याउनुभयो ।

ख्वप अस्पतालका स्वास्थ्य नर्स रचना सुवालले महिला दिदीबहिनीहरूमा हुने पाठेघरको क्यान्सरबारे समयमै सचेत हुन सके यसको सम्भावित क्षति न्यूनीकरण गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा १ वडाका जनप्रतिनिधिहरू कल्पना शिल्पकार, गङ्गालक्ष्मी बमनु र सूर्यप्रसाद श्रेष्ठले पनि बोल्नुभएको थियो । शिविरमा १५१ जना महिला दिदीबहिनीहरूको स्वास्थ्य परीक्षण गरिएको थियो ।



चिसो बढेपछि शनिबार डिभिजन वन कार्यालय कैलालीले धनगढीको विभिन्न चोकहरूमा वितरण गरेको दाउरा बालेर आगो ताप्दै स्थानीयवासी ।

*तस्बिर: इन्द्राकुमारी केसी/रासस*

# भक्तपुर बचतमा क्यान्सर रोगसम्बन्धी अभिमुखीकरण

भक्तपुर, १२ पुस । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्वास्थ्य उपसमितिको आयोजनामा शुक्रबार क्यान्सर रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले संस्थाले आर्थिकसँगै नियमित रूपमा खेलकुद, सांस्कृतिक, सामाजिक, शैक्षिक कार्यक्रमहरू गरिरहेको र यसैको एउटा सिलसिला स्वास्थ्यबर्द्धक क्यान्सर रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको बताउनुभयो ।

उहाँले संस्थाले अर्थोपार्जनको केही हिस्सा यस्तो सामाजिक दायित्वमा लगाएको बताउनुभयो । उहाँले जीवनमा कमाएका सम्पत्तिलाई बचाउन जान्नेमात्रै त्यसको औचित्य हुने स्पष्ट पार्दै शरीर स्वस्थ रहेमात्रै कमाएका सबै पैसा बच्ने बताउनुभयो ।



क्यान्सर रोगसम्बन्धी अभिमुखीकरण गर्दै भक्तपुर क्यान्सर अस्पतालका विशेषज्ञ सर्जन डा. पुण्यराम खर्बुजाले क्यान्सर रोग आफै रोग नभएको स्पष्ट पार्नुभयो । उहाँले हामीले प्रयोग गरिआएका हरेक कुरामा रासायनिक पदार्थको प्रयोग हुने भएकोले रोगै लाग्न नदिन सचेत हुनुपर्ने औँल्याउनुभयो । उहाँले भक्तपुरमै विशेषज्ञ सेवा दिइरहेको बताउँदै दुर्गम क्षेत्रमा जस्तै उपचारै नगरी मर्नुपर्ने अवस्था भक्तपुरमा नभएको औँल्याउनुभयो । नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा आवश्यकता अनुसार प्रविधिजडित उपकरणहरू उपलब्ध गराउन नसक्दा बिरामीले उपचार नपाएको गुनासो गर्दै गरिबी, निरक्षरता, अज्ञानता र कमजोर स्वास्थ्य प्रणालीका कारण क्यान्सर रोगबाट मर्नुपरेको यथार्थ चित्रण गर्नुभयो ।

क्यान्सर रोगको लक्षण, अवस्था र उपचारविधिबारे स्पष्ट पार्दै डा. खर्बुजाले नेपालीहरू क्यान्सर रोगको चौथो चरणमा आइपुगेपछि मात्र अस्पतालमा उपचारको लागि आएकाले मृत्युको सङ्ख्या बढेको बताउनुभयो । अबको २० वर्षमा एक घर एक क्यान्सर बिरामी हुने भएकाले खानपिनमा ध्यान दिनुपर्ने, नियमित रूपमा चेकजाँच गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

आयोजक समितिका संयोजक कृष्णसुन्दर प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा मैयालक्ष्मी त्यातले पनि बोल्नुभएको थियो ।

# अन्तरविद्यालय/सहकारी हाजिरीजवाफ प्रतियोगिता

भक्तपुर, १२ पुस । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३२ औँ स्थापना दिवसको अवसरमा शिक्षा उपसमितिको आयोजनामा अन्तरविद्यालय/सहकारी हाजिरीजवाफ प्रतियोगिता शनिबार सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

प्रतियोगिताको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि एवं भक्तपुर नगरपालिका वडा नं ७ का वडाध्यक्ष उकेश कवांले हाजिरीजवाफ प्रतियोगिताले देशको इतिहास, समसामयिक विषय तथा सामान्य ज्ञानको ज्ञान प्रदान गरी विद्यार्थीहरूको व्यक्तित्व विकासमा टेवा पुऱ्याउने बताउनुभयो । प्रतियोगिताले सहकारी संस्थाका बाल बचतकर्ताहरूलाई सहकारीबारे सुसूचित गर्ने उहाँले उल्लेख गर्नुभयो ।



उहाँले शासक दलका नेताहरूले युवाहरूमाझ समान अवसर प्रदान नगर्नाले देशका युवाहरू बिदेसिनु परेको अवस्थाप्रति चिन्ता व्यक्त गर्नुभयो । देशले लिएको ऋण र जनताबाट उठाएको करको सदुपयोग नहुँदा देश विकासमा पछि परेको उल्लेख गर्दै उहाँले राज्यबाट समान शैक्षिक अवसर प्रदान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले प्रतियोगिताले सहकारीसम्बन्धी जानकारी प्रदान गर्ने उल्लेख गर्नुभयो । उहाँले समाजमा समुदायमा आधारित र पुँजी सङ्कलन गर्ने दुई प्रकारका सहकारीहरू रहेको भन्दै पुँजीवादी सहकारी संस्थामा कारोबार गर्दा आफ्नो बचत सुरक्षित नहुने बताउनुभयो ।

कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष एवं सञ्चालक सदस्य कृष्णगोविन्द लाखाले समान उद्देश्यका साथ सामाजिक र आर्थिक विकासका निम्ति कार्य गर्ने न्यून आय भएको समूह नै सहकारी संस्था रहेको बताउनुभयो । उहाँले सानै उमेरदेखि नै सहकारीबारे चेतना प्रदान गर्दै जानुपर्ने आवश्यकता औँल्याउँदै हाजिरीजवाफ प्रतियोगिता सहकारी सिद्धान्तको पाँचौँ सिद्धान्तअनुसार शिक्षा, तालिम र सूचनाअन्तर्गतको रहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई र उपसमितिका सदस्य रामहरि ताम्राकारले पनि बोल्नुभएको थियो । १२ वटा समूहले सहभागिता जनाएको उक्त प्रतियोगितामा २५५ अङ्कसहित बासु मा.वि. प्रथम, २४० अङ्कसहित वागीश्वरी मा.वि. दोस्रो, २१० अङ्कसहित भक्तपुर साकोस तेस्रो र १५० अङ्कसहित ख्वप्रिङ इङ्गलिस एकेडेमीले सान्त्वना स्थान हासिल गर्न सफल भएको थियो ।

यसैगरी सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिको आयोजनामा साधारणसभाको क्षेत्र नं १ र २ का सदस्य महानुभावहरूबिच वर्तमान अवस्थामा सहकारी सञ्चालनसम्बन्धी सुझाव सङ्कलनका लगि विस्तारित बैठक सम्पन्न भयो ।

बैठकमा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सहकारीमा एक आपसमा सहयोगको भावना राखी आर्थिक र सामाजिक विकास गर्ने लक्ष्य राख्नुपर्ने बताउनुभयो । उहाँले सञ्चालकले व्यक्तिगत स्वार्थ पूरा गर्न सहकारी संस्थाको रकम अपचलन गर्नाले हाल सहकारी संस्थाहरूमा समस्या देखा पर्न थालेको उल्लेख गर्नुभयो । उहाँले हालै जारी भएका निर्देशनअनुसार ऋण सुरक्षण कोषको व्यवस्थाले संस्थाको कुल नाफामा असर गरी सदस्यहरूलाई वितरण गर्ने लाभांशमा समेत प्रभाव परेको बताउनुभयो ।

बैठकमा संस्थाका सचिव विष्णुप्रसाद दुमरुले संस्थाबाट आयोजना भएका विभिन्न कार्यक्रमहरूका साथसाथै आगामी कार्यक्रमको प्रगति विवरणको जानकारी दिनुभयो । उहाँले संस्थाबाट बचत तथा ऋण कारोबारका साथै विभिन्न सामाजिक क्रियाकलाप हुँदै आएको बताउँदै हरेक वर्ष संस्थाका ज्येष्ठ सदस्यहरूको सम्मानको लागि कार्यक्रम आयोजना गरिने जानकारी दिनुभयो ।

बैठकमा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले संस्थाको आर्थिक विवरणसम्बन्धी जानकारी दिँदै संस्थाबाट ऋण लगानी कम हुनाले संस्थाको कुल नाफामा असर गरी सदस्यहरूको लाभांश प्रतिशत कम भएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गासाईले पनि बोल्नुभएको थियो । विस्तारित बैठकमा उपस्थित सदस्यहरूले मौखिक तथा लिखत सुझावहरू दिएका थिए ।

। सम्पादकीय ।

# सरकार समाजवादउन्मुखतर्फ लाग्नु आवश्यक

कुनै पनि संविधान देखाउनको लागि होइन लागु गर्नको निम्ति हो । संविधान काम गर्न बनाइएको एक प्रकारको निर्देशित सिद्धान्त हो । संविधानभित्र रहेरै नीति तथा कार्यक्रम तय हुन्छ । नेपालको संविधानले समाजवादको व्यवहारिक कार्यान्वयनको ढोका खोलेको छ । लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही देश निर्माण गर्न, जनताको सेवा सुविधा बढाउन खोलेको ढोकामा शासकहरू प्रवेश गरेनन् । दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्ने राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर र उन्नतिशील बनाउन शासकहरू लाग्नुपर्ने हो । समाजवादउन्मुख र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य नै वर्तमान संविधानको मूल मर्म हो । तर, त्यो मर्ममा सरकारले पाइला हालेको छैन । संविधान जारी भएको एक दशक बितिसक्दा पनि विगतका सरकारहरूले संविधान लागु गर्नेतर्फ पाइला नै चालेनन् । उनीहरू सरकारको नेतृत्व गर्दै खालि दलगत र व्यक्तिगत स्वार्थमा लागे; दलगत स्वार्थ पूरा गर्न भागबन्डा र गठनबन्धनमा जुटे । यस अर्थमा विगतका शासकहरू देश र जनताप्रति जिम्मेवार नभएको थाहा हुन्छ ।

समाजवादउन्मुख व्यवस्थाको अर्थ समाजवादी व्यवस्थातर्फ लाग्ने भन्ने हो; समाजवादबाट फर्कने भन्ने होइन । केही राजनीतिज्ञहरूले समाजवादउन्मुख भनेको समाजवादबाट फर्कने हो भनी गलत व्याख्या गरे । समाजवादी व्यवस्था पूर्णत: लागु नहुने स्थितिमा या पुँजीवादी व्यवस्थाको राजनीतिक पृष्ठभूमिमा समाजवादउन्मुख व्यवस्था समय अनुकूल हुने अवधारणाअन्तर्गत ल्याइएको हो । यसले समाजवादी समाज निर्माणमा टेवा पुऱ्याउनेछ । समाजवादी क्रान्तिको निम्ति अनुकूल व्यवस्था नभएको स्थितिमा पुँजीवादी व्यवस्थाभन्दा समाजवादउन्मुख व्यवस्था प्रगतिशील मानिन्छ । तर, संविधानमा समाजवादउन्मुख व्यवस्था उल्लेख भए पनि त्यसलाई कार्यान्वयन गर्नेतर्फ शासकहरू लागेका छैनन् । समाजवादी बजार अर्थ व्यवस्थालाई देशको राष्ट्रिय अर्थतन्त्रको मोडेल मानेर सरकारले नीति तथा कार्यक्रम ल्याउनुपर्ने थियो । अनि मात्रै नेपाली समाजको समतामूलक र प्रगतिशील एवं सामाजिक तथा आर्थिक रूपान्तरणको ढोका खुल्छ ।

राजनीतिक नेतृत्व सही दिशामा अघि बढे मुलुक छिट्टै विकासको चरणमा पुग्नेछ । राज्य सञ्चालनको जिम्मा पाएका जिम्मेवार शासकहरूले संविधानमा उल्लेख भएको अवधारणा लागु गर्दै जानुपर्ने हो । सवैधानिक मान्यताअनुसार सरकारहरू समाजवादीकरणतर्फ लागेका भए एकातिर देश र जनताकै भलो हुन्छ भने अर्कोतिर संविधान पनि व्यवहारमा लागु गरेको साबित हुन्छ । सङ्घीय संरचनाको कार्यान्वयन, जनचाहनाअनुरूपको विकास र आर्थिक समृद्धिसँगै जनताको मौलिक हकलाई प्रत्याभूत गर्दै कार्यान्वयन गर्ने काम सरकारको हो । समुन्नत र न्यायपूर्ण समाज आजको आवश्यकता हो । अत: समाजवादीकरणतर्फ उन्मुख भई आर्थिक परिवर्तनलाई अगाडि बढाएर उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालन गर्नु राज्यको दायित्व हो ।

संविधानले समाजवादउन्मुख अर्थतन्त्रको माध्यमबाट समृद्धि हासिल गर्ने लक्ष्य राखेको हो भने त्यो कार्यान्वयन गर्न शासकहरू पछि हट्नुपर्ने होइन । तर, शासकहरू सो अवधारणाविपरीत पच्छिमी शैलीको पुँजीवाद प्रणालीको अभ्यासमा लागेका छन् । वैज्ञानिक समाजवादको नेपाली चरित्रको स्वरूप निर्माण गर्न शासकहरू जुट्नुपर्छ । समाजवादभित्र लगानी, उत्पादनको संरचना, लाभको वितरणको खाका तयार गरी अघि बढ्नुपर्छ । संविधानलाई आत्मसात गर्ने देशका शासक दलका नेताहरू समाजवादउन्मुख अवधारणाअनुसार किन अघि बढेनन् ? समाजवादको गति, दिशा, गन्तव्य र स्वरूपमा शासकहरू स्पष्ट हुनुपर्छ । समाजवादप्रति सङ्कल्पित समतामूलक समाज निर्माणमा के सरकार अघि सर्नु पर्दैन ? आफूलाई कम्युनिस्ट पार्टीको दाबी गर्ने तर काम कुरा सबै पुँजीवादतर्फ लाग्ने कम्युनिस्ट पार्टीलाई सुहाउने कुरा होइन । अत: देशका शासकहरू संवैधानिक व्यवस्थाअनुसार समाजवादउन्मुख व्यवस्थाअनुसार लाग्नुपर्छ ।

# "शासक दलहरूको कारण देश सङ्कटमा पुगेको हो"



जनप्रतिनिधि र कर्मचारीहरूले नगर र नगरवासीको सेवामा समर्पित भएर आ-आफ्नो जिम्मेवारी पूरा गरेमा स्थापना दिवसको औचित्य थप पुष्टि हुनेछ ।

रुसको निर्वाचन पर्यवेक्षणमा पुगेका एक सरकारी अधिकारीले त्यहाँको नगरपालिका, गाउँपालिका र वडा कार्यालयको काम हिउँ सफा गर्नेमात्र भएको, हवाईजहाज ओराल्न मिल्ने चौडा-चौडा सडकलगायत पूर्वाधार निर्माण कम्युनिस्ट सरकारबाट अगाडि नै सम्पन्न भएको र विकासमा रुसभन्दा ५०० वर्ष नेपाल पछाडि परेको अनुभव बताउनुभएको थियो ।

संस्कृतिभित्र मानिसको बोली व्यवहार, भेषभूषा, लवाइखवाइ, सरसफाइ आदि पर्दछन् । अहिले भक्तपुरका जनताका घर-घरमा खानेपानी ट्याङ्कीको व्यवस्था छ तर ती ट्याङ्की सफा गर्ने प्राविधिकहरूको अभाव भयो । खानेपानी ट्याङ्की सफा नभए पानीजन्य रोग बढ्नेतर्फ पनि नगरपालिका सचेत हुनु जरुरी छ ।

विद्यालय र कलेज आउने यातायातको सङ्ख्या बढी भएको नगरकोट सडकमा बढ्दो यातायात आवतजावतको कारण दुर्घटना हुने सम्भावना बढ्दो छ । विद्यार्थीको चाप नगरकोट सडकमा कम पर्ने बनाउन र सम्भावित दुर्घटना नियन्त्रण गर्न वैकल्पिक सडक जरुरी छ । यो विषय नेमकिपाले संसद्मा पटक-पटक उठाएको हो । हनुमन्ते र खासाङखुसुङ खोलाको दुवैतिर सडक विस्तार गरिए नगरकोट सडकमा सवारीसाधनको चाप कम हुनेछ ।

नगरपालिकाले जनताको समस्या समाधान गर्न जनतासँग छलफल गरी अगाडि बढिरहेको सकारात्मक हो । स्थानीय तहलाई आवश्यक पर्ने कर्मचारी नियुक्तिको लागि स्थानीय तहमा कर्मचारी पदपूर्ति समितिको व्यवस्था गर्नु जरुरी छ । यसबारे संसदीय समितिमा नेमकिपाले संशोधन पनि राखेका हो तर, शासक दलहरू मानेनन् । त्यसबेला एक सरकारी अधिकारीले स्थानीय तहका प्रमुख र अध्यक्षले आफ्ना परिवार र नातेदार कर्मचारीमा नियुक्ति गर्ने आरोप लगाए । यसको नेमकिपाले खण्डन गऱ्यो । लोकसेवा आयोगबाट नियुक्ति गरिएका कतिपय निजामती कर्मचारीहरू पनि भ्रष्टाचारमा परेको सार्वजनिक भइरहेको छ । सुसंस्कृत समाजमा मात्र भ्रष्टाचार नियन्त्रण हुने विषय सरकारले बुझ्नु जरुरी छ । स्थानीय तहमा सङ्घ र प्रदेश सरकारले हस्तक्षेप गर्नु उपयुक्त होइन ।

उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण, सबैको निम्ति योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोवस्त भए सुसंस्कृत समाज निर्माणमा मद्दत पुग्ने छ । भौतिक पूर्वाधारमा आगजनीभन्दा पनि भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भष्टाचारीहरूलाई मृत्युदण्डसमेत हुने कानुनी व्यवस्था जरुरी छ । यस्तो व्यवस्था बहुदलीय व्यवस्था पुन: स्थापना पछि हटाइएको गलत हो ।

कर्मचारीहरूले हाजिर गरेपछि तलब र पारिश्रमिक पाउने ठान्नु हुँदैन, हाजिर सँगसँगै पारिश्रमिकअनुसारको काम पनि गरेर देखाउन जरुरी हुन्छ । अहिले देशको अर्थतन्त्र कर्मचारीको तलब-पेन्सनको लागि समेत विदेशी ऋण लिनुपर्ने अवस्था छ ।

भक्तपुरका जनताले भक्तपुरलाई सफा-स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउने लक्ष्य लिएका छन् । यो लक्ष्य पूरा गर्न जनप्रतिनिधिहरूले नीति कार्यक्रम बनाउने र कर्मचारीहरूले कार्यान्वयन गर्ने कामलाई निरन्तरता दिनु उपयुक्त हुनेछ । नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यूले धेरै अगाडि नै कर्मचारीहरू एम्बुलेन्स र दमकलजस्तै देश र जनताप्रति जिम्मेवार हुनुपर्ने बताउनुभएको छ । तत्अनुसार कर्मचारीहरू चौबीसै घण्टा देश र जनताप्रति जिम्मेवार र जवाफदेही भएर सेवा गर्नु जरुरी छ ।

भदौ २३ र २४ गतेको घटनापछि राष्ट्रिय मानव अधिकार आयोगले सरकारहरू जनताका समस्यालाई समयमा सम्बोधन गर्न असमर्थ भएको र सम्भावित दुर्घटनाको पूर्वानुमान गर्न नसकेको वक्तव्य प्रकाशित गरेकोतर्फ शासक दलहरू सचेत हुनु आवश्यक छ ।

सरकारको प्रधानमन्त्री र मन्त्री हुनुको अर्थ झन्डावाल गाडीमा सिंहदरबार भित्र-बाहिर गर्नुमात्र होइन, देश र जनताको समस्या समयमा समाधान गर्नु हो । यो विषय संसद्मा प्रधानमन्त्री र मन्त्रीहरूको सामु नेमकिपाले बारम्बार दोहोऱ्याएको हो । तर, शासक दलहरू सचेत नहुँदा अहिलेको सङ्कट उत्पन्न भएको हो ।

संवत् २०१९ सालयता नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले भक्तपुर नगरपालिकामा स्थानीय जनताको उपभोक्ता समितिमार्फत श्रमदानमा आधारित भएर विकासका कार्य अगाडि बढाउनु भएको हो । भक्तपुर नगरपालिका आर्थिक अनुशासन, मितव्ययिता, पारदर्शिता भएर अघि बढ्दै छ । भक्तपुर नगरपालिकालाई देशको नमुना नगरपालिका बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले थप मेहनत गर्ने जनताको अपेक्षा हो ।

नयाँ पुस्ता हाम्रा भविष्य हुन् । चिकित्सकहरूका अनुसार सहरका केही विद्यार्थीहरूमा कुपोषण देखिएको, शारीरिक गतिविधि र सरसफाइमा कमी भएको सार्वजनिक भयो । यसबारे जनप्रतिनिधि र विद्यालयहरूबिच छलफल हुनु उपयुक्त हुनेछ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले २०८२ पुस २ गते भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवसको अवसरमा भनपाको आयोजनामा मङ्सिर २० गते सम्पन्न योमारी प्रतियोगिताका विजयीहरूलाई पुरस्कार र सहभागीहरूलाई प्रमाण-पत्र वितरण तथा सहयोगीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार : सं)*

# जाडोमा रैथाने ज्ञान ?

✍ अरुणा उप्रेती

जाडो बेलामा शरीरमा बढी ऊर्जा दिने खानेकुरा खाने गर्नुपर्छ ।

गहुँ, चामल तथा दाल, तरकारी खानुपर्छ/तातो खानेकुरा खाने गर्नुपर्छ ।

विशेषगरी बच्चाहरू र बुढाबुढीहरूलाई जाडोले तातो खानेकुरा र लुगा पनि न्यानो, तातो लगाउने गर्नुपर्छ ।

तराईमा शीतलहरले मान्छेको ज्यान जाने नभई व्यवस्थापन गर्न नसक्दा मान्छेको ज्यान जाने हो । भान्सामा भएका तातो खानेकुरा खाने र न्यानो लुगा लगाइदिने कुरामा विशेष ध्यान दिनुपर्छ ।

टाउको र खुट्टाबाट चिसो चाँडो छिर्ने हुनाले हाम्रो हजुरबा, हजुरआमाले पहिलेदेखि नै टाउको र खुट्टा तातो बनाउनुपर्छ भन्ने गर्नुभएको हो । टाउको र खुट्टालाई चिसोबाट राम्रोसँग जोगाउनुपर्छ ।



विशेषगरी कोदोको सुप, फापरको सुप, गुन्द्रुक, भटमास, आलुको सुप जस्तो तातो झोलिलो तथा दाल, भात, तरकारी र रोगसँग लड्न सक्ने प्रतिरोध क्षमता भएका भिटामिन 'सी' युक्त खानेकुरा खाने गर्नुपर्छ । यसमा कागती, अमला, गुन्द्रुकजस्ता खानेकुरा घरमै उपलब्ध हुन्छ ।

गहत ऊर्जायुक्त, पोषणयुक्त तथा विभिन्न सुक्ष्म पोषक तत्त्वयुक्त हुन्छ यसको दाल बनाएर खाँदा हाम्रो खर्च पनि धेरै नहुने र जाडोमा धेरै नै फाइदा हुन्छ ।

हामीले पहिलेदेखि हेपेर 'जात फाल्नु गहतको झोलमा' भनेर गहतलाई निकृष्ट खानेकुरा बनाएका छौँ। तर, गहतलाई पिसेर सुप बनाएर खान सकिन्छ, । जुनसुकै खाद्य वस्तुमा मिलाएर खाए पनि गहतले फाइदा गर्छ । गहतलाई विशेष खानेकुरा अर्थात् सुपर फुड पनि भन्ने गर्छौं ।

अर्को कुरा जाडो मौसममा चिसो नलागोस् भनेर घरभित्र दाउरा, मकल, ग्याँस बालेर बस्दा हावा आउने-जाने ठाउँ नहुँदा समस्या पर्न सक्ने भएकोले सजग रहे बेस ।

जाडोमा हामीले घरकै तातो खानेकुरा जस्तै तातो दूध, कागती र मह हालेको चिया, दही, अमिलो मोही छ भने त्यसमा बेसन हालेर कडीको सुप बनाएर खान सकिन्छ । हामीसँग सहजै सस्तो रुपमा उपलब्ध हुने यति धेरै खानेकुरा छन् जुन बालबालिका, वृद्धवृद्धालाई खान दिँदा स्वास्थ्यमा धेरै नै फाइदा हुने गर्छ ।

दाल, दूध, आलु, हरियो सागसब्जी जेसुकैको पनि तातो झोलिलो सुप ) शरीरलाई भित्रबाट न्यानो बनाउने मात्र नभई रोगसँग लड्ने क्षमता पनि दिन्छ ।

यति धेरै खानेकुरा छन् भन्दैमा गरिबसँग नहुन सक्छ त्यस्तालाई स्थानीय सरकारले व्यवस्था गर्ने गर्नुपर्छ । तराईमा आगो ताप्नका लागि दाउरा दिने, घुर बाल्ने व्यवस्था गर्ने, न्यानो कपडाहरू दिने गर्नुपर्छ । यस्तो व्यवस्था जाडो हुनु अगावै गर्नुपर्छ नत्र पछि दिन्छु भन्दा चिसोले वृद्ध तथा बालबालिका बिरामी हुने तथा मृत्यु हुने पनि हुन्छ ।

पुस, माघमा चिसो हुन्छ भन्ने हाम्रा स्थानीय सरकारलाई थाहा छ । तराईमा शीतलहर हुन्छ भन्ने थाहा छ । शीतलहरले मान्छे मर्ने होइन गरिबीले मर्ने हो ।

गरिबका लागि आय आर्जनको लामो कार्यक्रम होला तर, तत्कालका लागि चाहिने अत्यावश्यक वस्तुको व्यवस्थामा भने स्थानीय सरकारले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

घरका आमा, श्रीमती, महिला दिदी-बहिनी बिरामी नपरून् भन्नका लागि पनि पुरुषले घरमा भाँडा माझ्ने, तरकारी किनेर ल्याउने, केलाउने आदि गरेर सघाउन सक्छन् । बालबालिकालाई खाना खुवाइदिने, स्याहारसुसार गर्ने काममा सघाउँदा महिलाको काम आधा हुनजान्छ; महिलाको स्वास्थ्य पनि सुरक्षित हुनजान्छ ।

सिमेन्ट लगाएको भान्सामा कतिपय महिलाले जुत्ता नलगाई काम गर्दा बिरामी हुनसक्छन् । त्यसैले भान्सामा लगाउने जुत्ता लगाउने गर्नुपर्छ ।

बच्चाहरूको पनि हातखुट्टा तथा गाला, ओठ फुट्दा घरमा भएको चिल्लो पदार्थ लगाउने गर्नुपर्छ ।

तोरीको अथवा नरिवलको तेल तातो बनाएर बच्चाहरूलाई लगाइदिन सकिन्छ ।

वृद्धवृद्धालाई पनि जाडोमा तोरीको तेल तातो बनाएर मसाज गर्न सकिन्छ । तोरीको तेलले नेपालीलाई एलर्जी हुन्छ भन्ने चाहिँ होइन । एकलाखमा एक जना हुनसक्ला त्यस्तो अवस्थामा अरु चिल्लो पदार्थ प्रयोग गर्न सकिन्छ ।

तोरीको तेलले हातखुट्टा मसाज गर्दा त्यसले रक्त सञ्चार राम्रोसँग हुन्छ । जसले ऊर्जाका साथै न्यानो पनि हुने गर्छ । सुतीको टोपी तथा मोजा लगाइदिँदा पनि जोगाउन धेरै नै मद्दत गर्छ ।


# नेपालमा अमेरिकाको सत्तापलट : एक खुलासा

जिम नौरेकास

नेपालको सरकारलाई हटाउने गरी सन् २०२५ सेप्टेम्बरमा हिंसक सत्तापलट भयो। घटना हुनुभन्दा अगाडि अमेरिकी संस्था 'NED' (प्रजातन्त्रका लागि राष्ट्रिय सशक्तीकरण, नेड) ले नेपालका दर्जनौँ युवालाई 'जुलुस र विरोध प्रदर्शन आयोजना गर्ने सीप र रणनीति' बारे

थियो। आन्दोलनको हिंसामा कम्तीमा ७६ जनाको मृत्यु भयो। तीमध्ये केही प्रहरी अधिकारी छन्। हिंसा भड्केको केही दिनमै 'कम्युनिस्ट' प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिमा दिनुपरेको थियो।

केही दिनपछि उनको स्थानमा एक अन्तरिम नेता छनोट भइन्। यसको लागि एक अज्ञात




तालिम दिएको थियो। त्यसको लागि 'नेड' ले लाखौँ अमेरिकी डलर खर्च गरेको थियो। हालै चुहिएका गुप्त दस्तावेजबाट यो कुरा पुष्टि हुन्छ।

ती दस्तावेजबाट 'नेड' को एउटा शाखा 'IRI' (अन्तर्राष्ट्रिय रिपब्लिकन संस्थान) ले एउटा भूमिगत अभियान नै चलाएको खुल्न आएको छ। 'IRI' ले नेपालमा जवान राजनीतिक अभियन्ताहरूको 'सञ्जाल' लाई हुर्काउन खोज्यो। 'अमेरिकी स्वार्थलाई टेवा दिने महत्त्वपूर्ण शक्ति बनाउने' गरी यो 'सञ्जाल' लाई मलजल गरिएको थियो। ती दस्तावेजअनुसार 'IRI' को कार्यक्रमले 'जाँगरिला युवा र राजनीतिक नेताहरूलाई जोड्छ' र 'समर्थन अभियान तथा विरोध प्रदर्शन कसरी सञ्चालन गर्ने भनी विस्तृत तालिम दिन्छ'।

निर्वाचन घोषणा गरियो। डिस्कर्ड अकाउन्टहरूबाट १० हजारभन्दा पनि कम मतले अन्तरिम नेता छनोट भइन्।

उपद्रोलाई पश्चिमा मिडियाले स्वेच्छाचारी सरकारविरुद्ध शान्तिपूर्ण र प्रजातान्त्रिक जनउभार भनी प्रचार गरे। तर, बाहिर आएका भिडियोहरू हेर्दा प्रदर्शनकारीहरूले अर्धस्वचालित राइफल बोकेर सहरभरि आगो सल्काउँदै हिँडेको देखिन्छ। सर्वत्र चर्चित एनिमी रिसिज 'वान पिस' को 'जोली रोजर' झन्डा बरोबर देखियो। फिलिपिन्स, इन्डोनेसिया र मेक्सिकोमा भएका पछिल्ला सरकारविरोधी 'जेनजी' विद्रोहमा पनि यही झन्डाको प्रयोग भएको थियो। चीन वा अमेरिकानिर रहेका यी देशलाई पनि ठूलो अन्तर्राष्ट्रिय भूराजनीतिक

IRI's ELA program in Nepal will be tailored to fit the Nepali social and political environment. Given the success of youth-led advocacy campaigns over the last year, the program will focus on strengthening networks of youth civic and political leaders, providing them with research and knowledge needed to lead more targeted and sustainable advocacy campaigns and protests, and facilitating platforms where they can spread broader awareness of issues regarding political turmoil, government corruption and national policymaking manipulated by countries like China and India. They can also engage with elected representatives to voice their opposition on the above issues and call for democratic change and inclusive policymaking process. IRI will hold a series of regional workshops to develop networking and advocacy skills for Nepali youth leaders. IRI will work with participants to develop regional and national Youth Charters and will facilitate opportunities for participants to urge provincial and national policymakers to take account of youth opinions on the issues selected by both IRI and participants, ensuring the U.S. concerns with Nepal's democracy to be resolved. Through this project, IRI will also establish and train a network of youth activists who can continue to advance broader goals of improving government accountability and supporting political institutions become more responsive to citizen concerns beyond the life of the project. IRI will continue to work with the network of youth activists and encourage them to lead advocacy campaigns and protests on the issues selected by both IRI and participants. The proposed project will leverage connections with elected representatives and government stakeholders developed through IRI's ongoing USAID programs, which are focused on legislative strengthening at the provincial level and will complement that program's objectives of supporting research-based, citizen-centered legislative policy development and implementation.

'NED' को छातामुनि आयोजना गरिने विरोध प्रदर्शनको 'मुद्दा छनोट' 'IRI' र उसका स्थानीय साझेदारले गर्छन्। यसरी 'नेपालको लोकतन्त्रप्रति अमेरिकी चासोलाई समाधान गरिने' 'IRI' को प्रतिवेदनमा उल्लेख छ। 'द ग्रेजोन' को रिपोर्टअनुसार बङ्गलादेशमा 'IRI' ले यसै प्रकारको प्रयास गर्दा त्यहाँ सन् २०२४ अगस्टमा सत्तापलटको सूत्रपात भएको थियो।

गत सेप्टेम्बरमा नेपाल तथाकथित 'जेनजी' आन्दोलनले थर्कमान भयो। सरकारले फेसबुक, युट्युब र ट्वीटर/एक्स लगायत सामाजिक सञ्जालका प्ल्याटफर्म बन्द गरेपछि यो आन्दोलन उठेको थियो। यी कम्पनीले नेपाल सरकारले दर्ता प्रक्रियाका लागि अघि सारेका सर्त मान्न अस्वीकार गरेपछि सरकारले तिनलाई बन्द गरेको

चेस बोर्डका महत्त्वपूर्ण गोटी देश मानिन्छ।

बाहिरिएको 'IRI' को दस्तावेजमा नेपालको विशेष महत्त्व उल्लेख छ। यसले नेपाललाई चीन र भारतबीच रहेको 'सामरिक महत्त्वको भूभाग' भनिएको छ। यसकारण, नेपाल वासिङ्टनको 'हिन्द-प्रशान्त' महत्त्वाकाङ्क्षाको लागि 'भित्री देश' बनेको दस्तावेजमा उल्लेख छ। चीनलाई वरिपरिबाट अस्थिर सरकारहरू र सैन्य अखडाहरूले घेर्नु नै अमेरिकाको 'हिन्द-प्रशान्त' महत्त्वाकाङ्क्षा हो। 'IRI' ले काठमाडौँका युवाहरूलाई 'नीतिगत हस्तक्षेपका लागि आफ्नो शक्ति प्रयोग गर्न' र 'राष्ट्रिय नीति निर्माण' लाई प्रभावित गर्न लिएको पहल एउटा दूरगामी कदम थियो। 'IRI' को चालू परियोजनाको 'म्याद नाघिसकेपछि' पनि असर गर्ने गरी तालिम सञ्चालन गरिएको थियो। तालिम सहभागीहरूले

*Nepal's youth make up approximately 40 percent of the country's population. It is critical for Nepal's youth to be well educated and civic minded and literate as they represent the country's future. A project focused on youth civic education is critical to support the development of a sustainable strong federalist nation that is vital to the US's Indo-Pacific strategy.*

पछि गएर सडकमा तहसनहस ल्याएर मात्र पुग्दैनथ्यो। उनीहरूलाई पछि राजनीतिक दल स्थापना गर्ने र विभिन्न पदका लागि उम्मेदवारको रुपमा पनि तयार पारिएको थियो।

बाहिरिएका दस्तावेजले 'IRI' ले तथाकथित 'अत्ति भयो' (इनफ इज इनफ) आन्दोलनबाट प्रेरणा लिएको देखाउँछ। सरकारको कोभिड नीतिविरुद्ध सन् २०२० को गर्मी याममा नेपालमा यो आन्दोलन चलेको थियो। ती विरोध प्रदर्शनहरू हेरेपछि 'IRI' ले युवाविद्यार्थीले 'नेपाली राजनीतिलाई आकार दिन सक्ने र त्यसमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने' र सरकारबाट सहुलियत लिन सक्ने क्षमता देखेको थियो। 'IRI' युवाविद्यार्थीको त्यो क्षमतालाई 'दिगो पार्न' र त्यसबाट 'फाइदा उठाउन' उत्सुक थियो। यसकारण, 'IRI' ले देशका युवाहरूलाई 'अवसर र प्ल्याटफर्म' दिने निर्णय गर्‍यो। यसले 'अमेरिकाको समर्थनमा साझा चासोका मुद्दाको प्रभावकारी पैरवी गर्न र लोकतान्त्रिक परिवर्तनका सफल वाहक बन्न एउटा व्यापक, दिगो सञ्जालको विकास गर्ने' अवसर र प्ल्याटफर्म दिने निधो गर्‍यो।

'NED' को स्थापना सन् १९८३ मा भएको थियो। त्यस यता यो अमेरिकी संस्थाले विश्वभरि यसैखाले गतिविधिमार्फत विभिन्न सरकारलाई सत्ताच्यूत गर्नका लागि गोप्य रुपमा पैसा बाँड्दै आएको छ। यसका एक संस्थापकले खुलेरै धाक लगाएका थिए, "आज हामी जे गर्छौं यीमध्ये धेरै काम २५ वर्षअघि (अमेरिकी गुप्तचर निकाय) सिआइएले गुप्त रुपमा गर्थ्यो।" दस्तावेजहरूले काठमाडौँमा सेप्टेम्बरमा खेलिएको विध्वंसको खेल नेपालमा 'हिन्द-प्रशान्त रणनीति' अनुकूल राजनीतिक नेतृत्व हुर्काउने वासिङ्टनकै प्रयासको उत्कर्ष भएकोमा जोड दिन्छन्। पछिल्लोपल्ट भार चीन र रुसतर्फ ढल्किँदै गइरहेको पछिल्लो समय यो क्षेत्र आपसमा झन्झन् जोडिँदै गइरहेको छ। यसकारण, अमेरिकाले भूराजनीतिक रुपमा महत्त्वपूर्ण देश नेपालमा (आफूप्रति) अझ लचिलो सरकार स्थापना हुनुलाई निश्चय नै स्वागत गर्नेछ।

**'अमेरिकाले पैरवी गरिरहेको सुधार' लाई बढावा दिँदै युवा अभियन्ता**

नेपालमा 'IRI' का सबैभन्दा अहम

दबाब दिन अवसरहरू बढाइदिने' लक्ष्य लिएको थियो - गुप्त दस्तावेजहरूमा उल्लेख छ। यो कार्यक्रमले ६०-७० जना नेपाली युवालाई 'लाभ' दिने अनुमान गरिएको थियो।

दस्तावेज भन्छ - नेपालमा 'युवा अभियन्ता र राजनीतिक नेताहरूको सञ्जाल' हुर्काइनेछ र तिनलाई 'सम्पर्कहरू बनाउन र आफ्ना पीडाहरू सार्वजनिक रुपमै राख्नका लागि सीप, स्रोत र मञ्च' प्रदान गरिनेछ। यसपछि उनीहरूलाई 'राजनीतिक उथलपुथल, सरकारको भ्रष्टाचार र राष्ट्रिय नीति निर्माणमा सार्वजनिक चासोका विषयको पैरवी गर्न' तालिम दिइनेछ। यसपछि, वासिङ्टनको चासोलाई 'पैरवी अभियान र विरोध प्रदर्शनहरू' बाट सम्बोधन गरिनेछ। सरकारलाई आफूहरूका मद्दामा बढी ध्यान दिन र अमेरिकाले पैरवी गरेको लोकतान्त्रिक सुधारलाई बढावा दिन भनिनेछ।

अमेरिकी 'मूल्यमान्यता' लाई 'अनुमोदन र पैरवी' गर्ने पर्याप्त नेपाली 'युवा नेताहरू' लाई हुर्काएपछि तिनलाई 'अमेरिकाको चासो सम्बोधन हुने नेपाली मुद्दामा समर्थन अभियान छेड्न' परिचालन गर्न सकिन्छ। आफ्नो परियोजनालाई सबल पार्न 'IRI' ले 'उदीयमान अगुवा एकेडेमी' ('ELA') नामक संस्था सञ्चालन गर्ने वाचन दियो। यो 'एकेडेमी युवा नागरिक अगुवा र राजनीतिक नेताहरूलाई सँगै ल्याउने र तिनलाई तिनका समुदायमा सकारात्मक परिवर्तन थाल्न चाहिने सीप, मञ्च र स्रोत उपलब्ध गराउने 'IRI' को कार्यक्रम हुनेछ।'

'IRI' ले श्रीलङ्का र इन्डोनेसियाजस्ता 'एसियाका अन्य देश' मा 'ELA' कार्यक्रम चलाइरहेको छ। ती कार्यक्रमले छनोट गरेका युवा अभियन्ताहरू 'आआफ्ना समुदाय र दलभित्र नेतृत्वदायी स्थानमा उक्लिन सफल' भएकोमा 'IRI' गर्व गर्छ।

'IRI' ले आफ्ना नेपाली 'ELA' तयार पार्नका लागि 'विशेषत: राजनीतिक तल, नागरिक समाज र मिडियालगायत विविध क्षेत्रका युवा सहभागीहरूबाट आवेदन माग्ने' प्रतिबद्धता जनायो। यी 'युवा नेताहरू' लाई 'भविष्यमा तिनका अभियान र विरोध प्रदर्शनहरूलाई प्रभावकारी र दिगो बनाउने सीप र ज्ञान' प्रदान गर्ने र यसले अमेरिकाले अनुमोदन गरेको राजनीतिक गतिविधिमा झन् बढी मानिस सहभागी हुन हौसिने

However, despite the current state of Nepal's politics, there are points of democratic resilience. Nepali youth have demonstrated their ability to play an increased role in politics, as a series of youth-led protests, under the slogan "Enough is Enough", broke out. These protests, focused on the government's ineffective response to the COVID-19 pandemic, were led by mostly non-political youth, and called for reforms to improve the efficacy of the government's COVID-19 response and greater transparency around government spending regarding these efforts. While initially responding with severe crackdowns, the government eventually signed an agreement with youth activists addressing their concerns, including providing free health services for COVID-19 patients.*

To sustain these successes and capitalize on existing political will, young people in Nepal will need more platforms to develop sustainable networks to advocate for common concerns and be successful champions for democratic change. Through this project IRI will provide the next generation of Nepal's civic and political leaders with opportunities and platforms to develop cohesive and sustainable advocacy networks. This, in turn, will better position them to raise awareness of democratic values and pressure Nepali political institutions to become more accountable, transparent and citizen centered. To this end, IRI is implementing Yuva Netritwa: Paradarshi Niti (Youth Leadership: Transparent Policy). In Yuva Netritwa: Paradarshi Niti, IRI will conduct an analysis of barriers to youth participation in the political process that will help design content for the Emerging Leaders Academy (ELA). The ELA program will provide youth leaders with the skills and knowledge to ensure that future advocacy efforts are more effective and sustainable.

परियोजनामध्ये एक थियो - 'युवा नेतृत्व : पारदर्शी नीति' कार्यक्रम। यो कार्यक्रम सन् २०२१ जुलाईदेखि सन् २०२२ जूनसम्म चलेको थियो। यसमा 'IRI' ले सुरुमा साढे ३ लाख डलर खर्च गरेको थियो। यो कार्यक्रममार्फत 'IRI' ले 'उदीयमान नेताहरूलाई युवा आन्दोलनलाई तीव्रतर पार्न र नेपाली राजनीतिका नीति निर्मातालाई

प्रतिवेदनमा उल्लेख छ।

एकपल्ट उनीहरू दैनिक जीवनमा फर्केपछि 'IRI' ले 'तालिमेहरूलाई तिनका राजनीतिक दलहरूमा उच्च पदमा पुग्न उत्साहित र सहयोग दिनेछ'।

नेपालमा 'राष्ट्रिय नीति निर्माणमा आफ्नो कुरा स्थापित गर्न सक्ने युवा सञ्जाल' निर्माण

The modules should focus on exploring leadership potential among the participants and should include a conceptual aspect of the leadership, ways of enhancing qualities, and skills of leadership. It should focus on inspiring and motivating the participants to be rational, good and effective leaders to lead change. It should include, but not limited to:

- Concept: Who is a leader?
- Leadership types, quality of a good leader,
- Ways of developing such quality
- Gaining the power to influence
- Purpose of becoming a leader: Leading and Representing
- Exercise leadership: How young leaders can drive political change through protest

गर्नेमा 'IRI' विश्वस्त छ। 'IRI' ले छनोट गरेका युवा उपध्याहाहरूले 'समर्थन अभियान र विरोध प्रदर्शनका सन्देश प्रभावकारी ढङ्गले प्रसार गर्ने विधि' सिक्नेछन् - दस्तावेज भन्छ। खासगरी 'सामाजिक सञ्जाल र अन्य वेबमा आधारित टुल वा उपकरण' प्रयोग गरेर प्रचारप्रसार गर्न सिकाइनेछ। दस्तावेजको अन्त्यमा 'IRI' भविष्यवाणी गर्छ - 'समर्थन अभियान र विरोध प्रदर्शनले परिणाममुखी हुने कुरा युवाहरूले झन्झन् बुझ्दै जानेछन् र यसमा सहभागी हुन उनीहरू झन् उत्सुक हुनेछन्'।

सन् २०२१ अगस्तमा 'IRI' ले एउटा स्थानीय 'युवा नागरिक शिक्षा परियोजना' का लागि ५ हजार डलर खर्च गर्न खोज्यो। यसका लागि उसले एक आन्तरिक अध्ययनको परिणामलाई तर्कको रुपमा अघि सारेको थियो। सो तथ्याङ्कअनुसार ९० प्रतिशत नेपाली युवा 'राजनीतिमा चासो राख्दैनन्'। ४० प्रतिशत नेपाली युवा छन्। यसकारण तिनलाई भावी नागरिक र राजनीतिक अगुवाको रुपमा तालिम दिनुलाई महत्त्वपूर्ण ठानियो। तिनलाई 'अमेरिकाको हिन्द-प्रशान्त रणनीतिका लागि महत्त्वपूर्ण हुने दिगो बलियो सङ्घीय राष्ट्रको विकासमा सहयोग गर्ने' तालिम दिनुपर्ने आवश्यकता बोध गरियो। यो लक्ष्यलाई टेवा दिन 'IRI' ले 'नागरिक समाज र राजनीतिक सम्पर्कहरूलाई प्रयोग गर्न आफू तम्तयार रहेको' मा फुर्ती गरेको छ। यी बजेट अनुमोदन भए/भएनन् भन्ने अज्ञात छ।

**अमेरिकाको 'सत्ता उल्ट्याने समूह' ले नेपाली युवालाई 'विरोध प्रदर्शन आयोजना गर्न' सिकायो**

बाहिर चुहिएको अर्को एक दस्तावेजमा 'IRI' ले कसरी 'युवा सशक्तीकरण वर्कशपको तालिम दिने नियम पुस्तिका (गाइड) नै' विकास गर्‍यो भनी लेखिएको छ। 'युवा नेतृत्व : पारदर्शी नीति' र 'NED' को स्थानीय 'ELA' शाखाका उद्देश्य परिपूर्ति गर्न यो 'गाइड' तयार गरिएको थियो। देशभरिका युवा नेपालीहरूको ध्यान तान्न यी कार्यक्रम गरिएको थियो। 'सकारात्मक परिवर्तनका लागि राजनीतिमा आबद्ध भएका वा नभएका युवाको क्षमता बढाउन र तिनको नेतृत्व क्षमता विकास गर्न' यी कार्यक्रम गरिएको थियो। सहभागीहरूको 'वाक कला, रणनीतिक सन्देश आदानप्रदान, स्रोत परिचालन, समर्थन एवम् विरोध अभियानको व्यवस्थापन र प्रभावकारी सुशासन' क्षमता बढाउनका लागि यी कार्यक्रम गरिएको दस्तावेजमा उल्लेख छ।

वर्कशपका सहभागीहरूलाई युवा अभियन्ताहरूले कसरी विश्वभरि 'सामाजिक, आर्थिक र राजनीतिक बदलाव' ल्याएका थिए भनेर सिकाइयो। तिनलाई स्थानीय स्तरमा कसरी ती सफल आन्दोलनको नक्कल गर्ने भनेर 'टिप्स' दिइयो। साथै, तिनको 'नेतृत्व क्षमता' को निजी तवरले मूल्याङ्कन गर्दै 'परिवर्तनको नेतृत्व गर्न सक्ने सुसङ्गत, असल र प्रभावकारी नेता बन्न सहभागीहरूलाई उत्प्रेरित' गरिएको थियो। उनीहरूलाई 'युवा नेताहरूले कसरी विरोध प्रदर्शनमार्फत राजनीतिक बदलाव ल्याउन सक्छन्' भन्ने पाठसहित 'नेतृत्वको अभ्यास' गर्न उत्साहित पनि गरिएको थियो।

अन्तिम तरिका 'सार्वजनिक पद धारक' लाई 'जवाफदेही' बनाउन 'सहभागीहरूको ज्ञान र सीप बढाउने'। यसको लागि तालिमेहरूलाई 'तथ्य सङ्कलन गर्न, सम्बन्धित समुदायलाई पछ्याउन र अनलाइन अभियानमार्फत सार्वजनिक चासोका मुद्दा उठाउनका निम्ति आधुनिक प्रविधिको प्रयोग' गर्न सिकाइयो। 'IRI' को 'डिजिटल डिमोक्रेसी' मा कार्यरत प्राविधिकहरूले डिजिटल टूलहरूको प्रयोग गर्न सिकाए।

'IRI' को गोप्य पाठ्यक्रम अनुसार 'स्थानीय, प्रान्तीय र राष्ट्रिय' राजनीतिलाई प्रभावित गर्न 'विरोध प्रदर्शन र जुलुसको आयोजना गर्ने रणनीति र सीप' का पाठ पनि सिकाइन्छ। यसबीच, 'IRI' ले सन् २०२२ फेब्रुअरीदेखि अप्रिलसम्म ठूला युवा समूहहरू गठन गर्न काठमाडौँमा रहेको 'सल्युसन्स कन्सल्टेन्ट' को मद्दत लियो। 'राजनीतिक प्रक्रियामा भाग लिनबाट नेपाली युवाहरूलाई रोकिरहेका तगाराहरूको पहिचान र जाँचबुझ गर्न' सो संस्थाले 'IRI' लाई सघाएको थियो।

बाँकी पृष्ठ ७ मा



पाकिस्तान-अफगानिस्तान सिमानानजिक तोरखाममा रहेको शरणार्थी क्याम्पमा आफ्ना नाम दर्ता गराउन प्रतिक्षामा रहेका अफगान शरणार्थीहरू डिसेम्बर २४, २०२५ का दिन । अफगानस्तिानमा तालिवान सरकार आएपछि आन्तरिक राजनीतिक स्थितिका कारण देश छाडेर बाहिरिनेको सङ्ख्या बढिरहेको छ ।

*तस्बिर : एपी/इब्राहिम नोरोजी*

# सिरियाको मस्जिदमा भएको आतङ्कवादी आक्रमण अस्वीकार्य : राष्ट्रसङ्घ

जेनेभा, १२ पुस (एएनआई) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सिरियाको होम्सस्थित अली बिन अबी तालिब मस्जिदमा शुक्रबारको प्रार्थनाका क्रममा भएको आतङ्कवादी आक्रमणको निन्दा गर्दै यो घटना अस्वीकार्य भएको बताउनुभएको छ । उहाँले घटनाप्रति शोक व्यक्त गर्दै परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गर्नुभएको छ ।

सामाजिक सञ्जाल एक्समा गुटेरेसले सिरियाको होम्सस्थित अली बिन अबी तालिब मस्जिदमा प्रार्थनाका क्रममा भएको घातक आक्रमणलगायत नागरिक र प्राथना स्थलहरूमा हुने आक्रमणहरू अस्वीकार्य भएको जनाउनुभएको हो ।

सिरियाको इमाम अली इब्न अबी तालिब मस्जिदमा भएको विस्फोटमा कम्तीमा आठ जनाको मृत्यु भएको र १८ जना घाइते भएको जनाइएको छ ।

सिरियाको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूलाई उद्धृत गर्दै प्रारम्भिक तथ्याङ्कअनुसार विस्फोटमा आठ जनाको मृत्यु भएको हुनुका साथै अन्य १८ जना घाइते भएको एएनआइले बताएको छ ।

पीडितहरूलाई थप उपचारका लागि होम्सको करम अल-लुज अस्पतालमा सारिएको पनि उल्लेख गरिएको छ ।

आन्तरिक मन्त्रालयले आन्तरिक सुरक्षा युनिटहरू घटना स्थलमा तैनाथ गरेको र मध्य सिरियाको होम्सको वाडी अल-दहाब जिल्लाको मस्जिद वरिपरि सुरक्षा घेरा स्थापना गरेको बताएको छ ।

सम्बन्धित अधिकारीहरूले अनुसन्धान सुरू गरेका छन् र आपराधिक कार्यका लागि जिम्मेवारहरूलाई पत्ता लगाउन प्रमाण सङ्कलन गर्न थालेका छन् ।

एक सुरक्षा स्रोतले प्रारम्भिक अनुसन्धानका आधारमा मस्जिदभित्र राखिएको विस्फोटक उपकरणबाट विस्फोट भएको सङ्केत गरेको बताएको छ ।

विस्फोटको लगत्तैपछि, सिरियाली विदेश मन्त्रालयले प्रार्थनाको क्रममा मस्जिदमा भएको विस्फोटको कडा निन्दा गर्दै निर्दोष नागरिकहरू पीडित भएको जनाएको छ ।

मन्त्रालयले विज्ञप्तिमार्फत घटना कायरतापूर्ण कार्य भन्दै यसले मानवता र नैतिक मूल्यमान्यतामा स्पष्ट आक्रमण गरेको र यसले सिरियालाई अस्थिर पार्ने र सिरियाली जनतालाई कमजोर पार्ने बताएको छ ।

मन्त्रालयले पीडित परिवारप्रति गहिरो समवेदना र सहानुभूति व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामनासहित पीडादायी अवस्थामा सिरियाली जनतासँग पूर्ण एकता व्यक्त गरेको छ ।

# मलेसियाका पूर्वप्रधानमन्त्री नजिब रजाकलाई थप १५ वर्षको जेल सजाय

क्वालालम्पुर (मलेसिया), १२ पुस (एएनआई) । मलेसियाका पूर्वप्रधानमन्त्री नाजिब रजाक भ्रष्टाचारको मुद्दामा दोषी ठहर भएपछि १५ वर्षको जेल सजाय सुनाइएको छ । क्वालालम्पुर उच्च अदालतले शुक्रबार फैसला सुनाएको अल जजिराले जनाएको छ ।

नाजिबलाई राज्य लगानी कोष १-मलेसिया डेभलपमेन्ट बरहाद (१-एमडिबी) बाट अवैध रूपमा २.२ अर्ब मलेसियन रिङ्गिट (करिब ५४ करोड ३० लाख अमेरिकी डलर) आफ्नो व्यक्तिगत बैङ्क खातामा हस्तान्तरण गरेको अभियोगमा दोषी ठहर गरिएको जनाइएको छ । अदालतले उहाँलाई शक्तिको दुरूपयोग गरेको चार वटा आरोप र सम्पति शुद्धिकरणको २१ वटा अभियोगमा दोषी ठहर गरेको छ ।

फैसला सुनाउँदै न्यायाधीश कोलिन लरेन्स सेक्वेराहले यो मुद्दा राजनीतिक रूपमा सञ्चालित भएको भन्दै नाजिबको बचाउलाई अस्वीकार गर्नु भएको छ ।

उहाँले अभियुक्त आफूमाथि लगाइएका आरोपहरूमा राजनीतिक रूपले प्रेरित भन्ने तर्कलाई निर्विवाद खारेज गर्दै अभियुक्तले १-एमडीबीमा आफ्नो शक्तिशाली पदको दुरूपयोग गरी कसुरदार ठहर भएको बताउनुभएको छ ।

नाजिबले प्रधानमन्त्री, अर्थमन्त्री र १-एमडीबीको सल्लाहकार बोर्डको अध्यक्षको रूपमा आफ्नो भूमिकाको दुरूपयोग गरी एक दशकभन्दा पहिले सार्वजनिक कोषलाई व्यक्तिगत लाभका लागि प्रयोग गरेको अल जजिराले जनाएको छ ।

१-एमडीबी काण्डसँग सम्बन्धित नाजिबको यो दोस्रो सजाय हो । यसअघि सन् २०२० मा कोषबाट करिब एक करोड अमेरिकी डलरको दुरूपयोग गरेको आरोपमा दोषी ठहर गरी १२ वर्षको जेल सजाय सुनाइएको थियो भने पछि सजाय घटाएर ६ वर्षमा झारेको थियो । गत वर्ष नाजिबले १-एमडिबी विवादमा आफ्नो भूमिकाका लागि मलेसियालीहरूसँग माफी मागेको समेत जनाइएको छ ।

# दक्षिणी क्रेटबाट थप १३१ जना आप्रवासीहरूको उद्धार

एथेन्स (ग्रिक), १२ पुस ( एएफपी) । ग्रीकका तटरक्षकहरूले शनिबार क्रेटबाट थप १३१ जना आप्रवासीहरूलाई उद्धार गरेको जनाइएको छ । यो सँगै यस क्षेत्रमा विगत पाँच दिनमा समुद्रबाट बाहिर निकालिएका मानिसहरूको सङ्ख्या ८४० पुगेको प्रहरी प्रवक्तालाई उदृत गर्दै एएफपीले जनाएको छ ।

प्रहरीका अनुसार शनिबार उद्धार गरिएका आप्रवासीहरू क्रेटको दक्षिणमा रहेको सानो टापु ग्याभडोसबाट करिब १४ माइल दक्षिणमा माछा मार्ने डुङ्गामा सवार थिए ।

यात्रुहरूको राष्ट्रियता खुलासा गरिएको थिएन भने उद्धार पछि सबैलाई गावडोस लगिएको जनाइएको छ ।

लिबियाबाट क्रेट पुग्ने प्रयास गरिरहेका धेरै मानिसहरू जोखिमपूर्ण यात्रा गर्दा डुबानमा पर्ने गरेको जनाइएको छ ।

डिसेम्बरको सुरूमा, क्रेटको तटमा उनीहरूको डुङ्गा डुबेपछि अधिकांश सुडानी वा इजिप्टेलीसहित १७ जना-मृत फेला परेका थिए भने अन्य १५ जना बेपत्ता भएको रिपोर्ट गरिएको थियो । जसमा दुई जना मात्रै बाँच्न सफल भएको जनाइएको छ ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थीका लागि उच्चायुक्तका अनुसार यस वर्षको सुरूदेखि युरोप जान खोज्ने १६ हजार ७७० भन्दा बढी व्यक्तिहरू क्रेटमा आएका छन्, जुन अन्य ग्रिसेली टापुको तुलनामा बढी हो ।

गत जुलाईमा, सरकारले आप्रवासीहरूको बढ्दो प्रवाहलाई ध्यानमा राख्दै 'अत्यावश्यक' भन्दै लिबियाबाट आएका मानिसहरूको शरण आवेदनहरूको प्रशोधन तीन महिनाका लागि निलम्बन गरेको थियो ।

## विश्व सङ्क्षेप

# थाइल्यान्ड र क्याम्बोडियाबिच तीन हप्तापछि शान्ति सम्झौता

न्होम पेन्ह, १२ पुस (एएफपी) । थाइल्यान्ड र क्याम्बोडियाले शनिबार तत्काल युद्धविराममा सहमति जनाएका छन् । दुवै देशले केही हप्तादेखि जारी सीमा सङ्घर्ष रोक्ने र शान्ति स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यस क्रममा तीन हप्ताभित्र कम्तीमा ४७ जनाको मृत्यु भएको र एक लाखभन्दा बढी मानिस विस्थापित भएका छन् ।

सहमति अनुसार दुवै पक्षले सबै प्रकारका हतियार प्रयोग रोक्ने, नागरिक र संरचनामा कुनै पनि प्रकारको आक्रमण नगर्ने र सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकलाई छिट्टै घर फर्कन अनुमति दिने व्यवस्था लागु गरिनेछ । साथै साइबर अपराध नियन्त्रणमा सहकार्य गर्ने पनि दुवै देशले प्रतिबद्धता जनाएका छन् । यो युद्धविराम तीनदिने सीमा वार्तापछि आएको हो, जसमा आसियान, संयुक्त राज्य अमेरिका, चीन र मलेसियाले मध्यस्थता गरेका थिए । विवाद पुरानो उपनिवेशकालीन सिमाङ्कनको कारण सुरु भएको हो, जहाँ प्राचीन मन्दिरमा दुवै देशको दाबी छ ।

थाइल्यान्डका प्रधानमन्त्रीले यसलाई अन्तिम सहमति बनाउन आग्रह गर्दै शान्ति कायम गर्ने र नागरिकलाई घर फर्काउन सहयोग गर्ने बताउनुभयो । थाइल्यान्डमा आगामी फेब्रुअरी ८ मा आम निर्वाचन हुने तय भएको छ ।

# युक्रेनको नयाँ शान्ति प्रस्तावमा रूसको असहमति

किएभ, १२ पुस (एएफपी) । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आइतबार अमेरिकाको फ्लोरिडा राज्यमा राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेट गर्ने तयारी गरेका छन् । यसअघि रूसले युक्रेनी राष्ट्रपति र युरोपेली सङ्घ (ईयु) का सहयोगीहरूलाई अमेरिकी मध्यस्थतामा तयार भएको शान्ति योजनामा अवरोध पुऱ्याउने प्रयास गरेको आरोप लगाएको छ ।

उक्त भेटमा नयाँ शान्ति प्रस्तावबारे छलफल हुनेछ, जसले युद्धलाई हालको मोर्चामा स्थिर राख्ने र पूर्वी युक्रेनमा सैनिकरहित क्षेत्र सिर्जना गर्ने लक्ष्य राखेको छ । भर्खरै किएभमा केही विस्फोटका समाचार आएकोले अधिकारीहरूले नागरिकहरूलाई हवाई आक्रमणको सम्भावित चेतावनीका लागि सचेत रहन आग्रह गरेका छन् । रूसले भेटअघि योजना प्रति आपत्ति जनाएको छ । जेलेन्स्कीले भन्नुभयो,"रूसले सधैं सहमति नदिने कारण खोज्छ । केही दिनभित्र उनीहरूको आधिकारिक जवाफ पत्ता लाग्नेछ ।" उहाँले युक्रेनले केही क्षेत्र फिर्ता दिनु अघि जनमतसङ्ग्रह गर्ने र परमाणु ऊर्जा केन्द्रमा रूसको सहभागिता आवश्यक नहुने पनि स्पष्ट पार्नुभयो ।

नयाँ योजना अनुसार युक्रेनले सैनिक सङ्गठनमा सदस्यता लिन खोजेको कानुनी अधिकार त्याग्नु पर्ने वा रूसले सन् २०१४ देखि कब्जा गरेको भूमि मान्यता दिनुपर्ने शर्त हटाइएको छ । यद्यपि रूस अझै डोनबास क्षेत्रबाट पूर्णफिर्ता लिन र सैनिक सङ्गठनमा सदस्यता प्रयास रोक्न अडिग रहेको देखिन्छ ।

# भियतनाममा यात्रुबाहक बस दुर्घटना, कम्तीमा ७ जनाको मृत्यु

हनोई, १२ पुस (सिन्ह्वा) । भियतनामको उत्तरी पहाडी प्रान्त लाओ काइमा शनिबार बिहान यात्रुबाहक बस पल्टिँदा कम्तीमा सात जनाको मृत्यु भएको छ भने अन्य धेरै जना घाइते भएका छन् । भियतनाम समाचार एजेन्सीले जनाएअनुसार दुर्घटनाको समयमा बसमा १९ जना यात्रु सवार थिए ।

प्रारम्भिक रिपोर्ट अनुसार उद्धार टोलीले बसभित्रबाट १० जना यात्रुलाई सुरक्षित बाहिर निकाल्न सफल भएका छन्, तर केही जना अझै बसभित्र फँसेका छन् । उद्धार कार्य जारी छ र स्थानीय अधिकारीहरूले बचेका यात्रुहरूको सुरक्षामा ध्यान दिइरहेका छन् । दुर्घटना लामो ढलान सडक खण्डमा भएको बताइएको छ । प्रारम्भिक अनुमानअनुसार बसमा ब्रेकसम्बन्धी समस्या आएको हुन सक्छ, जसका कारण बस ढलानको तल्लो भागमा पल्टिएको हुन सक्ने अधिकारीहरूले बताएका छन् ।

स्थानीय प्रहरी र यातायात विभागले दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान सुरु गरेका छन् । साथै, यातायात सुरक्षामा सुधार र यस्ता दुर्घटनालाई रोक्न आवश्यक कदम चालिने योजना बनाइएको छ ।

यो दुर्घटना उत्तरी भियतनामको दुर्गम पहाडी क्षेत्रमा सडक यातायातको चुनौती र सुरक्षा जोखिमलाई पुन: उजागर गरेको छ ।

# चीन राष्ट्रको ठुलो एकताबाट चिनियाँ शैलीको आधुनिकीकरणतर्फ प्रवर्द्धन

पेइचिङ, १२ पुस (सीआरआई) धेरै वर्षदेखि चीनका राष्ट्राध्यक्ष सी चिनफिङले जातीय कार्यमा उच्च महत्त्व दिनुका साथै अल्पसङ्ख्यक जातिका जनता र जातीय क्षेत्रको निकै ख्याल-विचार गर्दै आउनुभएको छ ।

चालु वर्षयता राष्ट्राध्यक्ष सीले अघिपछि गरी जातीय क्षेत्रको निरीक्षण भ्रमण गर्नुभएको छ । क्वि चौ, युननान, सिचाङ, सिन्च्याङ आदि हुन् । उहाँले गाउँघर र प्राचीन शहरमा प्रवेश गरी तत्स्थानका विभिन्न जातिका जनतासित प्रत्यक्ष रूपमा कुराकानी गर्दै जातीय एकता र विकास योजनाबारे जनताको राय-सुझाव पनि सुन्नुभएको थियो । नयाँ यात्रामा कमरेड सी चिनफिङ केन्द्रित रहेको चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको दृढ नेतृत्वमा देशभरका विभिन्न जातिका जनताले एकताबद्ध भई चीन राष्ट्र एकरूपता भन्ने विचारधारालाई सुदृढ पारी चिनियाँ शैलीको आधुनिकीकरणमार्फत सशक्त मुलुकको निर्माण र चीन राष्ट्रको पुनरूत्थानलाई साकार तुल्याउनका लागि अथक प्रयास गर्दै जानेछन् ।

# माओ सम्झाउने 'लाल पर्यटन'

✍ चेतनाथ आचार्य



ठीक १३२ वर्ष अगाडि माओ जन्मिएको दिन । चिनियाँ क्रान्तिका महान योद्धा, समाजवादी विचारक, मार्क्सवाद र लेनिनवादलाई चिनियाँ परिवेशमा प्रयोग गरेर नयाँ विचार सिर्जना गर्ने सर्जक ।

उनको नाम हो माओ चतोङ । नेपालीहरूका लागि माओ त्से तुङ । नेपाली कम्युनिस्टहरूले समेत उनको नाम गलत भनिरहेका छन् ।

सन् १९२१ मा स्थापित चिनियाँ कम्युनिस्ट पार्टीका संस्थापक सदस्य हुन् माओ । उनी सन् १९३५ देखि शक्तिमा आएका हुन् । सन् १९३५ को जनवरीमा चीनको क्विचौ प्रान्तको चुनयीमा भएको बैठकले माओलाई केन्द्रीय नेतामा स्थापित गराएको हो । उनी सन् १९४३ देखि जीवनपर्यन्त अर्थात् सन् १९७६ सेप्टेम्बर ९ सम्म चिनियाँ कम्युनिस्ट पार्टीको अध्यक्ष रहे ।

माओको देहान्त भएपछि चिनियाँ कम्युनिस्ट पार्टीले अध्यक्षात्मक प्रणाली हटाएर महासचिवलाई कार्यकारी प्रमुख बनायो । अनि माओको सम्मानमा उनको नाम अगाडि सधैं अध्यक्ष राखेर सम्बोधन गर्न थालियो ।

माओ चीनमा मात्र होइन विश्वमै प्रख्यात छन् । नेपालमा माओको लोकप्रियता कम्युनिस्ट विचार राख्नेसँग मात्र नभई अन्य व्यक्तिमा पनि उत्तिकै छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले माओको सम्मानमा कविता लेखेका छन् । नेपालका तत्कालीन राजाहरू महेन्द्र शाह तथा वीरेन्द्र शाहसँगै नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइरालाले माओको प्रशंसा गरेका छन् ।

चीनमा त माओ कति लोकप्रिय छन् भन्ने कुरा चीन भ्रमण गर्ने हरेक पर्यटकले थिआनआनमन स्क्वायर क्षेत्र वरिपरि विचरण गर्दा थाहा पाउँछन् । पर्यटक लक्षित पसलहरूमा माओको फोटो अङ्कित लकेट, टोपी, टिसर्ट, ज्याकेट, प्लेट, कलम, नोटबुक, तास, झोला, चुरोट, लाइटर, घडी, किरिङ र मूर्तिलगायत सामग्रीले पर्यटकको ध्यान तानेकै हुन्छ । त्यसमाथि विभिन्न भाषामा अनुदित माओको रातो किताब । चीन भ्रमणलाई सार्थक बनाउन माओकै फोटो छापिएको पैसासँग किनिने माओ चिनाउने अनगिन्ती उपहारहरू ।

चीनभरिमा माओले बिताएका क्षणहरूलाई अहिले पनि संरक्षण गरेर राखिएको छ । त्यस्ता ठाउँहरू हेर्न हरेक दिन चिनियाँ तथा विदेशी पर्यटकको घुइँचो लाग्छ । मूलत: 'लाल पर्यटन' अर्थात 'रेड टुरिजम्' भनिने ती ठाउँहरूले चिनियाँ राष्ट्रवाद मुखरित गर्छ ।

सन् १९४९ मा माओकै नेतृत्वमा आन्तरिक सामन्तवाद र विदेशी हस्तक्षेपको दलदलमा फसेको चीनलाई मुक्त गरिएको थियो । एक सय वर्षभन्दा लामो अपमानको जाँतोमा पिसिएको चीनलाई मुक्ति दिलाएको हुनाले माओ र उनको विचारलाई चिनियाँ राष्ट्रवादको मियो मानिन्छ । तसर्थ, इतिहासको सम्झना र नेतृत्वप्रतिको आस्थालाई कायम राख्दै नयाँ पुस्तामा राष्ट्रवादको भावना जागृत गराउन यस्ता लाल पर्यटन क्षेत्र निकै महत्त्वपूर्ण मानिन्छन् ।

माओ जन्मिएको घर, बाल्यकालमा पढेको स्कुल, जनमुक्ति आन्दोलनमा सेल्टर लिएको स्थान, भूमिगत कालमा चिनियाँ कम्युनिस्ट पार्टी र माओको कार्यालय रहेको ठाउँ, माओका डायरीहरू, माओका पोसाकदेखि माओ चढ्ने गरेको रेलसम्मलाई सङ्ग्रहालय बनाएर राखिएको छ । ती ठाउँमा दैनिक हजारौंको सङ्ख्यामा पुग्ने व्यक्तिले चिनियाँ इतिहासको जानकारी पनि पाउँछन् ।

साढे सात वर्ष पहिले गरिबी निवारणको स्थलगत अवलोकन गर्ने सिलसिलामा पत्रकारहरूको टोलीमा सहभागी भएर चीनको पश्चिममा पर्ने कान्सु प्रान्तमा पुगेको थिएँ । कान्सु प्रान्तको दक्षिणमा रहेको कान्नान तिब्बती स्वायत्त प्रिफेक्चरमा अधिकांश तिब्बती जातिका मानिसहरू बसोबास गर्छन् । सरदर ३ हजार ३ सय मिटरभन्दा उचाइमा रहेको उक्त क्षेत्रका मानिसले अझै पनि चौंरीपालनलाई मुख्य पेसाका रूपमा अँगालेका छन् ।

सन् २०१७ जुन १८ देखि २४ सम्म भएको उक्त भ्रमणका क्रममा जुन २२ का दिन हामीलाई एउटा गाउँमा लगियो । गाउँ भए पनि घरहरू आधुनिक थिए । तिब्बती कलाकौशलले सिँगारिएका भव्य घरहरूका बीचमा एउटा पुरानो घर अनौठो देखिन्थ्यो । हामीलाई त्यही घर देखाउन लगिएको रहेछ ।

पूर्वी चीनको च्याङ्सु प्रान्तबाट सुरू भएको लङमार्चलाई नेतृत्व गर्दै माओ कान्सुको कान्नानमा पुगेका रहेछन् । सन् १९३५ सेप्टेम्बर १२ देखि १५ उनी त्यहाँ बसेका थिए रे ! खासमा माओलाई लेक लागेर उपचार गराउन त्यहाँ बस्नु परेको रहेछ ! तिब्बती जडीबुटीबाट माओको उपचार गरिएको स्थानीय गाइडले हामीलाई बताए ।

त्यतिबेला माओ सुतेको ओछ्यान, माओले खाएका चुरोट, माओको ओछ्यान तताउन छेउमा बनाइएको अँगेनो अनि भुइँतलामा माओका सुरक्षाकर्मी सुतेका कोठाहरू संरक्षण गर्नु परेकाले उक्त घर जस्ताको जस्तै राखिएको रहेछ ।

माओ सुतेको कोठा, ओछ्यान, चुरोटका ठुटा, उनले पढेका किताब, डायरी र पोसाक प्रदर्शनीमा आकर्षक ढङ्गले राखिएको छ । जहाँ माओ, त्यहाँ चुरोट र किताब । माओ जति अध्ययनशील थिए उति नै चुरोटका अम्मली पनि । उनले सेल्टर लिएको ठाउँमा राखिएका सक्कली चुरोटका खातले पनि उनी अम्मली रहेको प्रस्ट्याउँछ ।

जम्मा तीन दिन माओले सेल्टर लिएको घरलाई यसरी लाल पर्यटनस्थल बनाइएको छ भने माओ जन्मिएको घर कस्तो होला ! कुतूहल त मलाई पनि थियो ।

चीन बसेको दस वर्षपछि सन् २०२४ को मार्चको अन्ततिर हुनान प्रान्तको सदरमुकाम छाङसा जाने मौका मिल्यो । दुई दिनको एउटा सेमिनारमा भाग लिन जानुपरेको थियो । तेस्रो दिन बेइजिङ फर्किने विमान अपराह्नतिर मात्र थियो । उक्त दिनको खाली समयमा मैले माओ जन्मिएको घर जाने इच्छा आयोजकलाई सुनाएँ ।

छाङ्साबाट माओको घर भएको ठाउँ शाओशान निकै टाढा पर्ने भएकाले समय अपुग रहेको आयोजकको उत्तर सुनेपछि म निराश भएँ । मेरो मनोदशा बुझेपछि उनीहरूले छाङ्सामै रहेको एउटा स्कुल अवलोकन गराउने भए । त्यो स्कुलमा माओले प्रारम्भिक शिक्षा लिएका रहेछन् ।

अहिले त्यो स्कुल पनि सङ्ग्रहालयका रूपमा रहेछ । त्यहाँ माओको बाल्य अवस्था र किशोरावास्थाको तस्बिर पनि राखिएको छ । बालबालिकादेखि प्रौढ व्यक्तिसम्मको भीड लाग्ने उक्त ठाउँ पनि लोकप्रिय लाल पर्यटनमा पर्ने रहेछ ।

माओ स्मरण गराउने सबैभन्दा लोकप्रिय लाल पर्यटन स्थल चाहिँ बेइजिङको केन्द्र भागमा रहेको थिआनआनमन स्क्वायरस्थित माओ स्मारक भवन हो । यही भवनमा माओको शव संरक्षण गरेर राखिएको छ ।

सन् १९७६ सेप्टेम्बर ९ तारिख मृत्युवरण गरेका माओलाई अझैसम्म पनि जस्ताको जस्तै राखिएको उक्त भवन सोमबारबाहेक साताको ६ दिन खुल्छ । नेपालबाट आएका साथीहरूलाई देखाउनकै लागि पनि म दर्जनौंपटक त्यहाँ पुगेको छु ।

माओ स्मारक भवनको ठीक उत्तरपट्टि सहिद स्मारक छ । नेपालका प्रधानमन्त्री र राष्ट्रपति आउँदा त्यहाँ माल्यार्पण गर्छन् । उक्त सहिद स्मारकमा माओको हस्ताक्षर छ । चीनमा प्रकाशन हुँदै आएको चिनियाँ भाषाको 'पिपुल्स डेली' को नामांकित चिह्न 'मास्टहेड' पनि माओकै हस्ताक्षर हो ।

माओले बास बसेको ठाउँ मात्र होइन, माओ चढ्ने रेल र हवाइजहाज पनि सङ्ग्रहालयमा राखिएको छ । सन् १९४९ मा जनगणतन्त्र चीन स्थापना भएपछि चीनभरिको यात्रामा माओले प्राय: रेललाई यातायातको साधन बनाए ।

जनगणतन्त्र चीन स्थापना भएपछि माओले दुईपटक विदेश यात्रा गरेका थिए । उनका दुवै यात्रा तत्कालीन सोभियत सङ्घ (हालको रूस) मा भएको थियो । सन् १९४९ डिसेम्बर ६ देखि १९५० को फेबुरूअरी १७ सम्म सोभियत सङ्घको भ्रमण गर्दा माओले रेल प्रयोग गरेका थिए । सन् १९५७ नोभेम्बर २ मा उनी विमान चढेर सोभियत सङ्घ गएका थिए ।

माओ सकेसम्म यात्रामा हवाइजहाज चढ्दैनथे । सुरक्षा र समय सदुपयोगका लागि उनको रोजाइमा रेल पर्ने गर्थ्यो । रेलमा यात्रा गर्दा काम गर्न सजिलो भएकाले पनि माओको छनोटमा रेल पर्थ्यो । रेलयात्रामै उनी स्थानीय अधिकारीहरूसँगको भेटघाट गर्थे, समस्या सुन्थे । सधैं व्यस्त हुने र अत्यधिक बैठक तथा छलफल हुने भएकाले यात्राको समयमा पनि बैठक र छलफल चलिरहन्थ्यो ।

माओले प्रयोग गरेको रेललाई चीनको राजधानी बेइजिङमा रहेको रेलवे सङ्ग्रहालयमा जस्ताको तस्तै राखिएको छ । यो सङ्ग्रहालयको मुख्य आकर्षण माओले प्रयोग गरेको 'माओरेल' हो ।

वास्प इन्जिनको प्रविधिमा चल्ने यो रेल सन् १९४१ मा जापानमा निर्माण गरिएको हो । चीनमा केही वर्ष चलेर बिग्रिएपछि यो रेल कतै फालिएको थियो । सन् १९४६ मा रेलवेका कर्मचारीले भेट्दा यो थोत्रो र पूर्ण रूपमा विरूप अवस्थामा थियो । यसलाई मर्मतसम्भार गरेपछि सन् १९४९ सम्म चीनमा सञ्चालित क्रान्तिमा यसले जनमुक्ति सेनाका लागि सामान ढुवानी गरेर चीनको इतिहासमा निकै महत्त्वपूर्ण योगदान दिएको थियो ।

सन् १९४९ अक्टोबर १ मा नयाँ चीन स्थापना भएपछि बेइजिङ बाहिरका ठाउँमा भ्रमण गर्नुपर्दा माओले यही रेल प्रयोग गर्थे । उक्त रेलमा माओको छुट्टै कार्यालय स्थापना गरिएको थियो । डेस्क, टेबलबत्ती, किताब राख्ने दराज, मेच आदि माओको अध्ययन कोठामा छन् । त्यसैगरी सुत्ने कोठाका पलङ, डसना तथा सिरक अहिले पनि संरक्षण गरेर राखिएको छ । उनका घरायसी प्रयोगका सामग्रीहरू हेडबोर्ड, चप्पल, दराज, साइड टेबललगायत सबै सामग्री माओ रेलका डिब्बामा छन् ।

रेलको अर्को डब्बामा माओको बैठक कोठा पनि निकै आधुनिक र सजावटपूर्ण छ । सोफा, कफी राख्ने टेबलसँगै पाहुनाका लागि बस्ने र कुराकानी गर्ने ठाउँ पनि आकर्षक छ । माओ त्यही कोठामा बसेर चीनका विभिन्न क्षेत्रका अधिकारीहरूसँग चीनको शासन कार्यबारे छलफल गर्थे । माओले प्रयोग गरेको विमान पनि सङ्ग्रहालयमा राखिएको छ ।

यो विमान २१.३१ मिटर लम्बाइ, ३१.७ मिटर चौडाइ र ७.८ मिटर उचाइको छ । १७ जना यात्री अट्ने यो एयरक्राफ्ट ८ घण्टा १० मिनेटसम्म उड्न सक्छ । रेलमा जस्तै विमानमा पनि माओको ओछ्यान, सोफा र टेबल राखिएको छ ।

सोभियत सङ्घले बनाएर सन् १९५६ मा स्टालिनले माओलाई उपहारमा दिएको 'आइएल १' एयरक्राफ्टले माओलाई अन्तिमपटक चङचौबाट बेइजिङ ल्याएको थियो । यो विमान १९९२ सम्म चिनियाँ आकाशमा उडेको थियो ।

माओलाई सम्झाउने उनका भनाइहरू पनि विश्वमै चर्चित छन् ।

महिलालाई सम्मान गर्दै माओले भनेका थिए – महिलाहरू आधा आकाश हुन् ।

माओको यो भनाइ अहिले पनि विश्वमा राजनीति गर्ने नेताहरूका लागि मुखाग्रजस्तै छ ।

सन् १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टी स्थापना हुनु अगाडि नै सन् १९१९ मा माओले लेखेका थिए – संसार हाम्रो हो, राष्ट्र हाम्रो हो, समाज हाम्रो हो । हामी बोलेनौं भने को बोल्छ ? हामी सक्रिय भएनौं भने को हुन्छ ?

सङ्ग्रहालयका बस्तु वा पसलमा बेचन राखिएका सामग्री । चिनियाँ पैसामा छापिएको फोटो अथवा ग्रेटवाल चढ्ने व्यक्ति बहादुर हुन्छ भन्ने भनाइ । विभिन्न लाल पर्यटन क्षेत्रले अमर बनाएको एक अर्ब ४१ करोड चिनियाँका सम्मानित 'अध्यक्ष माओ' ।

*- सी आर आई बाट*

---

**नेपालमा...**




यसको लागि सो संस्थाले सातवटा फोकस समूह बनाउनुपर्थ्यो । 'प्रत्येक समूहमा ८-१० जना सशरीर सहभागी हुन्थे र अनलाइनमा ५-७ जना सहभागी हुन्थे । सुरुका सहभागी अनुपस्थित हुन सक्ने हुनाले विकल्पमा २-३ सहभागी राख्नुपर्थ्यो ।' यो कार्यक्रमको खर्च ९ हजार १ सय ३५ डलर थियो । नेपाली 'युवा सशक्तीकरण' अपरेसनमा 'IRI' ले वार्षिक रुपमा गर्ने साढे ३ लाख डलर खर्च हेर्दा कार्यक्रमको खर्च नगन्य थियो । यसबाट स्थानीय स्तरमा कति धेरै सर्वेक्षण भयो होला भनी सहजै अनुमान लगाउन सकिन्छ । तर, यी कार्यक्रमबाट कति जना युवाको दिमाग भाँडिन्थ्यो भन्ने प्रस्ट छैन ।

'IRI' का कर्मचारीहरूले 'फोकस समूहमा हुने छलफललाई टाढै बसेर हेर्न र प्रत्येक व्यक्तिका कुरा बुझ्न' चाहे । यसको लागि उनीहरूले 'सल्यूसन्स कन्सल्टेन्ट' सँग बैठकको भिडियो 'उच्च गुणस्तरको हुनुपर्ने', 'आवाज प्रस्ट सुनिनुपर्ने', 'बोलेका सबथोकको अङ्ग्रेजी लिप्यान्तरण गरिनुपर्ने' माग गरेको थियो । 'IRI' को माग थियो - 'प्रत्येक सहभागी वक्ता' लाई उसको 'नम्बर वा पहिलो नाम' बाट चिन्न सक्नुपर्छ, तिनका टिप्पणीहरूलाई 'तिनको उमेर, शैक्षिक स्तर, सहर वा पेशा' सँग जोड्न सक्नुपर्छ । सहभागीहरू '१८ देखि ३५ वर्ष उमेर समूहका थिए । प्रत्येक समूहमा युवायुवतीको सङ्ख्या प्राय: बराबर थियो' ।

'IRI' ले घोषणा गर्‍यो, "यी युवा राजनीतिक नेता र अभियन्ता बन्नेछन् । यिनीहरू कुनै दलविशेषको युवा समूहमा मात्र सीमित रहनेछैनन् । बरु राजनीतिमा नलागेका अभियन्ता र नागरिक समाजमा पनि उनीहरू नै हुनेछन् । सार्वजनिक जीवनबाहिर पनि यी युवा हुनेछन् ।" 'IRI' ले आफ्नो प्रश्नको जवाफ लिन 'नागरिक समाजका अभियन्ता र राजनीतिक नेता' बिच पनि 'मुख्य सूचनादाता' खोज्यो । 'सल्युसन कन्सल्टेन्ट' लाई 'सम्भावित सूचनादाता' सँग सम्पर्क बनाउने जिम्मा दिइयो । यी 'सूचनादाता' लाई 'IRI' ले 'कुराकानी गर्ने र/वा थप सूचनादाताको नाम सुझाउने उद्देश्यले भर्ती गर्‍यो' ।

**राजतन्त्र फर्काउन बाटो खन्ने प्रयास**

'IRI' ले फोकस समूहमा हुने छलफलका सहजकर्ताहरूलाई सिधै निर्देशन दियो - उनीहरूले 'सहभागीहरूलाई खुलेर मनमा लागेका सबथोक बोल्न दिनुपर्छ र सहभागीहरूले 'आफ्नो सकारात्मक र नकारात्मक दुवैथरी टिप्पणीले राजनीतिमा पूर्ण रुपमा सहभागी हुनबाट युवाहरूलाई रोक्ने छेकबार के हो भनी बुझ्नमा योगदान पुग्नेछ भनी बुझेको हुनुपर्छ' । आफ्नो 'गाइड' को वर्णन गर्दै 'IRI' ले यसबाट 'हामीले चाहेको मुद्दा सम्बोधन होस् भनेर सहजकर्तालाई आवश्यक प्रश्न र विषयवस्तुसँग परिचित गराइने' लेख्छ ।

'IRI' ले छनोट गरेको विषयमा केन्द्रित हुँदासम्म सहजकर्ताहरू 'प्रश्नलाई जोड्न, प्रश्न बदल्न, काम नलाग्ने प्रश्न हटाउन र रोचक लाग्ने खालका प्रश्न थप्न स्वतन्त्र' थिए ।

अन्तिम प्रतिवेदनको शीर्षक थियो - 'नेपाली राजनीतिमा युवा सहभागिताको गुणात्मक अध्ययन' । यसले नेपालमा स्थानीय राजनीतिमा युवा सहभागिताका तगाराहरूको मसिनो विश्लेषण गरेको छ । बिब्ल्याँटो कुरा के छ भने धेरै उत्तरदाताले स्थापित राजनीतिक दलहरूले आफ्नै मुद्दा अघि बढाउने र युवाहरूलाई 'प्राय: दुरुपयोग गरेको वा लत्याएको' मा खिन्नता पोखेका थिए । २४ वर्षका एक अज्ञात युवाले नेपाली काङ्ग्रेसले आवश्यक पर्दा काठमाडौंमा 'प्राय: युवाहरूलाई प्रदर्शनमा उतारेको' अनि पछि ती युवा र तिनका मुद्दालाई बेवास्ता गरेको बताए । दलहरूले यी प्रदर्शनकारीहरूलाई पैसा दिएरै हिंसा गर्न उक्साउने गरेको उत्तरदाताहरूले सङ्केत गरे ।

एक सहभागीले भने, "सरकारले नीति बनाउँछ र युवाले त्यसको विरोध गर्छन् ।" विपक्षी विवेकशील साझा पार्टीका एक अज्ञात उत्तरदाताले भने, "सक्षम युवाहरूलाई सार्थक राजनीतिबाट टाढा राखिन्छ र धेरै त युवालाई विरोध गर्न र दङ्गा भड्काउन प्रयोग गरिन्छ । विद्यमान सरकारविरुद्ध 'परम्परागत दल' को नीति यस्तै हुन्छ ।" एक सूचनादाताले दुखेसो पोखे, "युवा अभियन्ताहरूलाई सडकमा लड्न र नेताहरूको सुरक्षामा प्रयोग गरिन्छ तर देशको विकास कसरी गर्ने भन्ने विषयमा उनीहरूको कुरा सुनिँदैन ।"

यही खेल केही वर्षपछि सडकमा छताछुल्ल भयो । सरकारी नीतिविरुद्ध युवा अभियन्ताहरूले आन्दोलन गरे र नेपाली राजनीतिमा आँधी ल्याए । 'जेनजी' आन्दोलनले नेपालको निर्वाचित सरकारलाई सत्ताच्यूत गर्‍यो । यो भाँडभैलोको झिल्को तिनै मुद्दाबाट बालिएको थियो जसबाट 'IRI' ले फाइदा लिन खोजेको थियो । तसर्थ, यो आन्दोलन अमेरिकी सरकारको हस्तक्षेपकारी अभियानबाटै जन्मेको त थिएन भन्ने प्रश्न उठ्नु जायज छ ।


सेम्टेम्बर १५ को 'न्यूयोर्क टाइम्स' को सम्पादकीयमा लेखियो - "सबै क्षेत्रका नेपालीहरू दसौं वर्ष लडेर स्थापित गरेको व्यवस्थालाई खारेज गर्न तयार भए ।" उनीहरूलाई "अब के हुन्छ भन्ने कुराको हेक्का थिएन ।" यही रिक्ततामा नेपालमा राजसंस्था पुन:स्थापित गर्न लालायित शक्तिले मुन्टो उठाएको छ । गणतन्त्रवादी शक्तिहरूले दसकौं लामो राजनीतिक प्रतिरोध गरेर अन्तत: सन् २००८ मा नेपालबाट राजसंस्थालाई सत्ताच्यूत गरेका थिए ।

'द टाइम्स' पत्रिकाले लेख्यो - आगजनी गर्नेहरूले संसद् भवन, पार्टी कार्यालयहरू, गृहमन्त्रीको घरलगायत 'राज्यसत्ताको सबैजसो मुकाम' लाई तारो बनाए । सैन्य संस्थान र पूर्वराजा ज्ञानेन्द्र शाहको दरबारलाई भने केही गरिएन । पूर्वराजाले 'जेनजी' विद्रोहप्रति समर्थन जनाए । विद्रोह भए यता सेनाले राजावादी व्यक्तिहरूलाई सबल बनाउन सक्रिय देखियो । आन्दोलनकारी नेताहरूसँगै भावी सरकारमा सामेल गराउन सेनाले राजावादीहरूलाई पनि बैठकमा बोलाएको थियो ।

'IRI' ले दिएको तालिमले नेपालको सेप्टेम्बर सत्तापलटमा योगदान दिएको हो भने अमेरिकाले आफूले भने जस्तो गर्ने नेतालाई सत्तासीन बनाउने बाटो साफ गर्दै जानेछ । त्यो नेताले अमेरिकाको साम्राज्यवादी स्वार्थ पूरा गर्नेछ । तर, इन्टरनेट-प्रेरित युवाहरूको विद्रोही भावना वा सुन्दर अराजकताको खोलले उसको सक्कली अनुहार लुकाइनेछ ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*

# कैलालीमा युवा प्रशिक्षण कार्यक्रम




कैलाली, १२ पुस । नेपाल क्रान्तिकारी युवा सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा स्तालिनको १४७ औँ र माओत्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम शुक्रबार लम्किचुहा नगरपालिका वडा नं. २ गणेशपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले माओ त्सेतुङ र जेभि स्तालिनले विश्वका मजदुर र किसानहरूको हितको निम्ति समाजवादी व्यवस्था ल्याउनको लागि काम गरेकाले उहाँहरूको जन्म दिवस मनाइरहेको बताउनुभयो । उहाँले हरेक कार्यकर्ताहरूले उहाँहरूको जीवनी अध्ययन गर्नुपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले जेभि स्तालिनको जीवनीबारे बताउँदै माओ त्सेतुङ र स्तालिनको जन्म दिवस सप्ताहव्यापी रूपमा गाउँगाउँमा मनाईरहेको बताउनुभयो । उहाँले रुस र चीनमा समाजवादी व्यवस्था भएकै कारणले छोटो समयमा नै ठुलो प्रगति गर्न सफल भएको बताउनुभयो ।

उहाँले पार्टी प्रकाशन र 'श्रमिक' साप्ताहिक कार्यकर्ताको प्रमुख हतियार भएको बताउँदै सम्पूर्ण जनवर्गीय सङ्गठनका कार्यकर्ताहरूले पार्टी प्रकाशन, 'श्रमिक' तथा 'मजदुर' दैनिक अध्ययन गर्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका कैलाली अध्यक्ष प्रेम सिजापतीको अध्यक्षतामा भएको कार्यक्रममा नेमकिपा कैलाली सचिव गगन थापामगर, सदस्य ज्योति बडुवाल, कोषाध्यक्ष जानकी सिजापतीले पनि बोल्नुभएको थियो । सहसचिव सुनिता भण्डाराले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभएको थियो ।

# स्तालिन र माओ जयन्तीमा प्रवचन कार्यक्रम




काठमाडौँ, १२ पुस । नेपाल मजदुर किसान पार्टी टोखा नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरुहरू स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म जयन्तीको अवसरमा एक प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले स्तालिनले तत्कालीन सोभियत सङ्घमा लेनिनको नेतृत्व स्थापित समाजवादी क्रान्तिलाई थप सशक्त बनाउन महत्त्वपूर्ण भूमिका निभाएको र माओले किसान र मजदुरहरूलाई सङ्गठित बनाएर सांस्कृतिक क्रान्ति गरेको चर्चा गर्नुभयो ।

उहाँले देश अहिले विषम परिस्थितिमा गुज्रिरहेको बताउँदै नेपाल मजदुर किसान पार्टीले आम जनतालाई सचेत र सङ्गठित बनाई पुँजीवादी र विदेशी शक्तिहरूबाट परिचालित पार्टीका गतिविधिहरूबाट सचेत हुनुपर्ने कुरा औँल्याउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले स्तालिन र माओले विश्व सर्वहारावर्गको हितको लागि कम्युनिस्ट सिद्धान्तलाई सही ढङ्गले उपयोग गर्दै क्रान्ति सफल गरेको बताउनुभयो । ३५ वर्षसम्म सत्तामा गएर जनताको समस्यालाई बेवास्ता गरी भ्रष्टाचारमा लिप्त भएको कारण देशमा सङ्कट र अन्योल छाएको उहाँले बताउनुभयो ।

नेमकिपा टोखा नगर समितिका अध्यक्ष शोभालाल श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा काठमाडौँ जिल्ला समितिका सचिव शैलेश डंगोल, सदस्य हरिशरण श्रेष्ठ, नेमकिपा टोखा २ नं. वडा समितिका अध्यक्ष काशीलाल डंगोल, ३ नं. वडा समितिका अध्यक्ष कसिनारायण डंगोल, नेपाल क्रान्तिकारी महिला सङ्घ टोखा नगर समितिका अध्यक्ष गणेशमाया श्रेष्ठ डंगोल र नेमकिपा टोखा नगर समितिका सहसचिव नरेश डंगोलले पनि बोल्नुभएको थियो ।

# स्तालिन र माओ विश्वकै कामदारवर्गका प्रेरणा स्रोत

काठमाडौँ, १२ पुस । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा विश्व कम्युनिस्ट पार्टीका नेताद्वय स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्मदिवस शनिबार चन्द्रागिरी बलम्बुमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले रूसमा जन्मुनभएका स्तालिन र चीनमा जन्मनु भएका माओ त्सेतुङले रूसी र चिनियाँ जनताको लागि मात्र समाजवादी क्रान्ति गरेर परिवर्तन गरेको नभइ विश्व समाजवादी क्रान्तिको परिवर्तनको लागि प्रेरणा भएकोले कम्युनिस्ट नेताको जन्मोत्सव मनाइएको बताउनुभयो ।

स्तालिन र माओ दुवै जना अध्ययनशील, मेहनती, इमानदारी, लडाकु, निडर र असल सङ्गठनकर्ता हुनुहुन्छ भन्दै मजदुर र किसनहरूको समस्यालाई समाधान गर्न र अन्यायको विरूद्ध लड्नु पर्दछ भने शिक्षा अहिले पनि अविस्मरण रहेको छ, उहाँले भन्नुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला समितिका सदस्य अनिल श्रेष्ठ, ज्ञानुमाया दराइ, बिन्द्रा महर्जन, विष्णु खत्री, रविन्द्र महर्जन, हरिशरण श्रेष्ठ, मीना डंगोल, शैलेष डंगोललगायतले बोल्नुभएको थियो ।

कार्यक्रम नेमकिपा काठमाडौँ जिल्ला उपाध्यक्ष गुणदास महर्जनको सभापतित्वमा भएको थियो ।

# भैरहवामा 'भेनेजुयला : हिजो र आज' पुस्तकबारे छलफल

बुटवल, १२ पुस । विश्व सर्वहारावर्गका महान गुरुहरू जोसेफ स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा शनिबार भैरहवामा 'भेनेजुयला : हिजो र आज' पुस्तकबारे छलफल भयो ।

छलफलमा नेपाल मजदुर किसान पार्टी रुपन्देहीका अध्यक्ष हरिसुन्दर बासीले साम्राज्यवादी संरा अमेरिकी ट्रम्पले सार्वभौम भेनेजुयलाको पेट्रोलियम पदार्थका जहाजहरू कब्जामा लिनु निन्दनीय छ भन्नुभयो ।

भेनेजुयलामाथि सैन्य हस्तक्षेप गरेर नोबेल शान्ति पुरस्कार दाबी गर्दै आएको ट्रम्प युद्ध पिपासु रहेको पुनः पुष्टी भएको स्पष्ट पार्दै अध्यक्ष बासीले विश्व शान्तिको लागि साम्राज्यवाद विरोधी सङ्घर्षमा ऐक्यबद्धता जनाउनु न्यायप्रेमी जनताको अन्तर्राष्ट्रिय कर्तव्य हो भन्नुभयो ।

पत्रकार समाजले २०७६ मा प्रकाशन गरेको 'भेनेजुयला : हिजो र आज' ले भेनेजुयलाको सङ्घर्षमय इतिहास र समकालीन स्थितिबारे प्रस्ट पारेको चर्चा गर्दै अध्यक्ष बासीले अघिल्लो ट्रम्पको पालाजस्तो भेनेजुयलाभित्रै रडाको मच्चाउन नसकेपछि बाह्य आक्रमण गर्न उद्यत रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य हिमलाल पाण्डेले भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षबाट नेपाली जनताले पनि सिक्नुपर्नेमा जोड दिनुभयो ।

## सन्तानलाई...

पनि विशेष ध्यान दिन आग्रह गर्नुभयो । उहाँले पुरामा पुस्तासँगको सङ्घर्षले बालबालिकाको भाषा सिकाइका साथै उनीहरूमा इतिहास, कला, सभ्यता, संस्कृति तथा परम्परागत सीपको विकास तथा नैतिकता र इमानदारीताका गुणहरू उत्पन्न हुने भएकाले हजुरबुबा, हजुरआमा आदिसँग समय बिताउने मौका दिनुपर्ने बताउनुभयो ।

मातृभाषालाई विशेष महत्त्व दिन आग्रह गर्दै उहाँले बालबालिकाको हुर्काइमा विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो ।

बाल विकास स्कूलले आफ्नो तर्फबाट समाजको रुपान्तरणमा थोरै भए पनि निरन्तर प्रयास गरिरहेको बताउँदै यो अभियानमा साथ दिइरहनुहुने सम्पूर्ण अभिभावक तथा शुभचिन्तकहरूलाई उहाँले विशेष धन्यवाद व्यक्त गर्नुभयो ।

कार्यक्रममा अभिभावक प्रतिनिधि प्राध्यापक सरोजराज गोसाईले घरको वातावरणले बालबालिकाको व्यक्तित्व विकासमा निकै महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसमा सचेत हुन अभिभावकलाई आग्रह गर्नुभयो ।

अभिभावकले आफ्नो सोचाइलाई समयानुकूल परिष्कार गर्दै लानुपर्ने धारणा राख्दै उहाँले विज्ञान र प्रविधिसँग हुर्किएका पुस्तालाई पुरानो सोचले मात्र हुर्काउन सक्दैन भन्नुभयो । आफ्ना अभिभावक नै बालबालिकाका असली रोल मोडल भएको विचार व्यक्त गर्दै उहाँले यस कुरामा विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो ।

हरेक बालबालिकामा फरक फरक क्षमता हुने भएकाले आफ्ना नानीबाबुलाई अरूसँग तुलना गर्न नहुनेमा अभिभावकलाई सचेत गराउँदै उहाँले नयाँ पुस्ताले प्रगतिशील बाटो रोज्ने हुँदा अभिभावक यसमा सहयोगी बन्नुपर्ने कुरामा जोड दिनुभयो ।

आफ्ना बालबालिकासँग निरन्तर अन्तरक्रिया गर्न र उनीहरूको खानपानमा पनि विशेष ध्यान दिन सबै अभिभावकलाई उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रमका अर्का अतिथि तथा शिक्षक प्रशिक्षक राजेन्द्र दाहालले भाषा विचारको जननी भएकाले मान्छेको भाषा जति शिष्ट र सभ्य छ उसको सोचाइ र विचार पनि त्यति नै राम्रो हुने भन्दै आफ्ना नानीबाबुको भाषामा विशेष ध्यान दिन सबैलाई आग्रह गर्नुभयो ।

बालबालिकालाई सुधार्न पहिले अभिभावक सुध्रनुपर्ने कुरामा उहाँले जोड दिनुभयो । अरूले के भन्यो भन्दा पनि आफूले प्रयोग गरेर के ठीक हुन्छ त्यो गर्नुपर्ने उहाँको विचार थियो ।

कार्यक्रममा अर्का अभिभावक प्रतिनिधि तथा नर्स देविका दनेखूले बालबालिकामा अहिले विभिन्न खाले मानसिक रोग प्रकोपकै रूपमा देखापरेको बताउँदै यसबाट बचाउन उनीहरूलाई विभिन्न गतिविधिमा सक्रिय बनाउनुपर्ने धारणा राख्नुभयो । बालबालिकाको खानपानमा पनि विशेष ध्यान दिन अभिभावकलाई उहाँले आग्रह गर्नुभयो ।

शिक्षिका सीतालक्ष्मी प्रजापतिले बालबालिकाको चौतर्फी विकासमा विद्यालयले सञ्चालन गरिरहेका गतिविधिबारे प्रस्ट पार्नुभएको थियो भने प्रशिक्षक देवना जोशी, शिक्षिकाहरू सुलोचना छ्वाजू, विजेश्वरी फैजू र अनु बोहजूले पनि बोल्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको दोस्रो चरणमा किन्डरगार्टन तहका स-साना नानीबाबु तथा शिक्षिकाहरूले सांस्कृतिक झाँकी प्रस्तुत गरेका थिए ।

## देशको...

चिनियाँ समाजवादी व्यवस्थामा शिक्षा र स्वास्थ्य उपचार सेवा हरेक नागरिकको अधिकार हुने र श्रमसँग जोडिएको शिक्षा प्रणाली भएकोले चिनियाँ युवाहरू आफ्नो देशको प्रगतिका लागि निरन्तर मेहनत गरिरहेको बताउनुभयो ।

चिनियाँ भूमि तिब्बतमा हरेक नागरिकलाई विद्युत्, खानेपानी, इन्टरनेट, आवास र शिक्षा-स्वास्थ्य सेवा सरकारको तर्फबाट निःशुल्क प्राप्त हुने जानकारी गराउँदै उहाँले नेपालमा पुँजीवादी व्यवस्था भएकोले सबै चिज पैसाले किन्नुपर्ने र गरीब जनताको पहुँचमा शिक्षा-स्वास्थ्य नभएको बताउनुभयो ।

पार्टी वडा समितिका अध्यक्ष कृष्णभक्त लवजूले पार्टीका अग्रज कार्यकर्ताहरूको सङ्घर्षको प्रतिफल स्वरुप नयाँ पुस्ताले विद्यालय र कलेजहरूमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर पाइरहेको चर्चा गर्दै युवाहरूको सांस्कृतिक स्तर उठाउन अझै मेहनत गर्नुपर्नेमा जोड दिनुभयो।

नेक्राविसङ्घ २४ औँ भक्तपुर जिल्ला सम्मेलन तयारी समितिका सचिव सुजी हेंग्वजूले नयाँ पुस्तामा सही राजनैतिक दृष्टिकोणको विकास हुन आवश्यक रहेको उल्लेख गर्दै विचारशून्य नेतृत्वले देशलाई खाल्डोमा जाक्ने खतरा रहनेमा सचेत हुनुपर्ने बताउनुभयो ।

नेक्राविसङ्घ भक्तपुर नगर समितिका सचिव प्रज्ज्वल खत्रीले नयाँ पुस्तामा अन्याय अत्याचार र भ्रष्टाचारविरुद्ध आक्रोश हुनु स्वाभाविक रहेको बताउँदै सङ्गठित आवाजका लागि नेक्राविसङ्घमा आबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

आयोजक समितिका संयोजक राज प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा समितिका दीपिका लवजू, सगुन धन्छा, सनम फैजू, देवान्स मानन्धर, जोयल मानन्धरलगायतले विद्यार्थी गतिविधिबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा प्लस टु/प्रवीणता प्रमाणपत्र तहका १४५ जना, स्नातक तहका ४५ जना, स्नातकोत्तर तहका ४० जना, एमफिल तहका २ जना र विद्यावारिधि गर्ने ४ जना गरी जम्मा २३४ जना विद्यार्थीहरूलाई बधाई पत्र तथा मायाको चिनो प्रदान गरिएको आयोजक समितिले बताएको छ ।

औपचारिक कार्यक्रमपश्चात् विभिन्न प्रगतिशील गीत सङ्गीतमा नृत्य, समसामयिक विषयमा नाटक तथा वाद्यवादन पनि प्रस्तुत गरिएको थियो ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

स्वीकृति लिएर मात्र ईँट्टा पार्ने र माटो ओसार पसार गर्नेसम्बन्धी भक्तपुर नगरपालिकाको अत्यन्त जरुरी सूचना

भक्तपुर नगरक्षेत्र भित्रबाट माटो झिक्न, ईँट्टा पार्न, काँचो ईँट्टा तथा माटो ओसार पसार गर्न नियमानुसारको दस्तुर तिरी नगरपालिकाको स्वीकृति लिनुपर्ने व्यवस्था भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा १२ मा व्यवस्था भएकोमा हालका दिनहरूमा भक्तपुर नगरपालिका वडा नं. १० को वन्ती, सुकुना फाँटलगायतका क्षेत्रबाट बिनास्वीकृति माटो झिक्ने, ईँट्टा पार्ने, काँचो ईँट्टा तथा माटो ओसार पसार गर्ने कार्य भइरहेको भन्ने जानकारीमा आएकोले व्यवसायीहरूले नगरपालिकाको स्वीकृति लिएर मात्र उल्लेखित कार्य गर्न हुन अनुरोध गरिन्छ । बिनास्वीकृति उल्लेखित कार्य गरेको पाइएमा जरिवानासहित रकम असुललगायतका कारबाही हुने व्यहोरासमेत जानकारी गराइन्छ ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

कर टोलीसम्बन्धी सूचना

भक्तपुर नगरक्षेत्रभित्रका दर्ता हुन बाँकी उद्योग, पसल, व्यवसाय आदि दर्ता तथा नवीकरणका लागि कर टोलीको व्यवस्था भएको र उक्त कर टोली २०८२।०९।०७ गतेदेखि २०८२।०९।१७ गतेसम्मका लागि नगरपालिकाको ७ नं. वडामा खटिएकोले टोलीमार्फत आ-आफ्नो व्यवसायको दर्ता तथा नवीकरण गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा